पाण्डा खण्ड ३ अङ्क १ (२०१०-११) पञ्जीकरण संख्या ६१६८५-६३

पर्यावरणको स्थिति र सम्बन्धित विषयहरूमाथि
ईएनभीआईएस सिक्किमको प्रकाशन

Environmental Information System
INDIA

# पाण्डा

वन, पर्यावरण र वन्य प्राणीमाथि ईएनभीआईएसको एक द्वैवार्षिक सूचना पत्र

बिक्रीको निम्ति होइन



## अनेकतामा एकता

प्रथमपल्ट हैदराबादमा राष्ट्रिय हरित दलको भेला



सिक्किमका तीन सरकारी विद्यालयहरूलाई राष्ट्रिय पुरस्कार

वर्ष २०१० अन्तरराष्ट्रिय जैवविविधता वर्ष मनाउँदै

2010 International Year of Biodiversity

सिक्किमद्वारा अन्तरराष्ट्रिय गुराँस उत्सवको आयोजना



मुख्यमन्त्रीको अदितीय र मौलिक अवधारणा

## धरतीलाई १० मिनट

खबर र घटनाबारे विशेष

ईएसआई २००६: सिक्किम शीर्ष स्थानमा



वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभाग, सिक्किम सरकार

विस्तृत विवरणका निम्ति हेर्नुहोस्…

# पाण्डा
## सूचना पत्र

वर्ष ३ अङ्क १ (२०१०-११)
पञ्जीकरण संख्या - ६१६८५-६३

ईएनभीआईएस केन्द्र, वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभाग, सिक्किम सरकारद्वारा, द्वैवार्षिक रूपमा प्रकाशित गरिने सूचना पत्र हो पाण्डा। यस सूचना-पत्रले पर्यावरण, वन तथा वन्यप्राणी बारेको सूचनालाई वृहत स्तरमा जनसाधारण समक्ष पुऱ्याउँछ र साथसाथै वन कर्मी र प्राकृतिक संरक्षणका लागिपरेका राज्यवासीमाझ सूचना सम्प्रेषणको माध्यम बन्नेछ भन्ने लक्ष्य निर्धारित गरिएको छ। यस सूचना पत्रमा निशुल्क र स्वयंसेवी रूपमा प्रकाशनका लागि योगदान ईएमभीआईएस केन्द्रमा पठाउन सकिन्छ।

**समन्वयक :**
ईएनभीआईएस केन्द्र सिक्किम
पर्यावरण र सम्बन्धित विषयहरूमा
वन सचिवालय, एनेक्स-०२
कमरा न. ११०१, भूइँ तल्ला
वन, पर्यावरण एवं वनजीवन प्रबन्धन विभाग,
सिक्किम सरकार
देवराली - ७३७१०२, गान्तोक

Email गर्नुहोस् : sik@envis.nic.in
हेर्नु होस्: www.sikenvis.nic.in
दुरभाष (कार्यालय) : ०३५९२-२८०३८१
फ्याक्स : ०३५९२-२८१७७८

**एनभीआईएस दल**
**समन्वयक**
श्री सी. लाचुङ्पा, आई एफ एस
प्रमुख वन संरक्षक - नोडल अधिकारी
(ल्याण्ड युज एण्ड इनभ्यारोमेन्ट)

**वरिष्ठ कार्यक्रम अधिकारी**
श्री राजेन प्रधान

**कार्यक्रम अधिकारी**
सुश्री सन्ध्या प्रधान

**कार्यक्रम सहयोगी**
श्री लक्ष्मण दर्नाल

Environmental Information System
Collect Collate Disseminate
INDIA

**इएनभीआईएस प्रकाशन २०१०-११**

© २०१०-११ इएनभीआईएस केन्द्र सिक्किम
वन, पर्यावरण एवं वन्यजीवन प्रबन्धन विभाग,
सिक्किम सरकार

यस प्रकाशनको कुनै पनि अंशको प्रतिलिप, भण्डारणको पुनः प्राप्ति कुनै पनि प्रकार र माध्यमद्वारा, मेसिन सम्बन्धी वा अन्य कुनै प्रयोगमा ल्याइएमा उचित प्रकारले कार्वाही गरिनेछ।

यहाँ दिइएको सबै सूचना सही होस भन्ने प्रयत्न गरिएको छ।

**सम्पादक मण्डली**
**अध्यक्ष :** श्री एस. टी. लाचुङ्पा, आई. एफ. एस., पी. सी. सी. एफ. एवं सचिव

**समन्वयक :** श्री सी. लाचुङ्पा, आई. एफ. एस., सी. सी. एफ. एवं नोडल अधिकारी (ल्याण्ड युज एण्ड इनभ्यारोमेन्ट- एफ. सी. ए.

***सह-सम्पादकहरू :*** श्रीमती यू. लाचुङ्पा, वरिष्ठ अनुसन्धन अधिकारी (डब्लु एवं ई-एफसीए)
श्री राजेन प्रधान, वरिष्ठ कार्यक्रम अधिकारी (ईएनभीआईएस)

***जानकारी एवं डिजाइन*** : श्री राजेन प्रधान




**हाम्रो हालको प्रकाशक २०१०**

**"१९९५-२०१० १५ वर्षको उपलब्धीहरू र कार्यहरू"**

इलेक्ट्रोनिक विवरण उपलब्ध छ।
हाम्रो वेबसाइट हेर्नुहोस् :
www.sikenvis.nic.in



**प्रायोजक**

**सिक्किम सरकार**

जहाँ है हरियाली । वहाँ है खूशहाली ॥
**पर्यावरण एवं वन मन्त्रालय**
**भारत सरकार**

# भित्र

पाण्डा खण्ड ३ अङ्क १ (२०१०-११) पञ्जीकरण संख्या ६१६८५-६३

## आवरण पृष्ठ



५

**पृथ्वीलाई १० मिनट**
मुख्यमन्त्रीको वृहत बिरुवा रोपणको एक अद्वितीय र नयाँ पहललाई वार्षिक अनुष्ठानको रूपमा जनसधारणको सहभागितालाई सुनिश्चित गरिएको छ।
जून २५, २०१०



७

**गोबर टाइम्स् ग्रीन स्कूल अवार्ड २००६**
सिक्किमका तीनवटा सरकारी विद्यालयहरूलाई सीएसई नयाँ दिल्लीद्वारा राष्ट्रिय पुरस्कारद्वारा अलंकरण
२० फरवरी, २०१०



८

**अनेकतामा एकता**
हैदराबादमा सम्पन्न सर्वप्रथम राष्ट्रिय हरित दल सम्मेलनमा सिक्किमे विद्यार्थीहरूको उत्कृष्ट प्रदर्शन
२५-३० अगस्त, २०१०



१३

**अन्तरराष्ट्रिय गुराँस उत्सव २०१०**
सिक्किमद्वारा प्रत्यक्ष गुराँस उत्सवको आयोजना, प्राकृतिक शिविरहरू, वर्ड वाचिङ, माउण्टेन बाइकिङ, ट्रेकिङ, एङ्गलिङ, खाद्य उत्सव, प्रदर्शनीहरू र अन्तरराष्ट्रिय सम्मेलनको आयोजना
अप्रेल २५ - १५ मई, २०१०



२७

**दीर्घमियादी पर्यावरणीय सूची २००६**
पर्यावरणमाथिको चापलाई कम गर्न र यसमा राज्यद्वारा आ-आफ्नो पर्यावरणलाई सन्तुलित राख्नमा सिक्किम शीर्ष स्थानमा




**अन्तरराष्ट्रिय वन वर्ष २०११:** संयुक्त राष्ट्रले वर्ष २०११ -लाई जनजागरण फैलाउन र दीर्घमियादी वन प्रबन्धनलाई मजबूती प्रदान गर्न वर्ष २०११ -लाई अन्तरराष्ट्रिय वन वर्षका रूपमा घोषित गरेको छ।
पर्यावरण क्यालेण्डर पृष्ठ ३३ हेर्नु होस्

इलेक्ट्रोनिक विवरण उपलब्ध छ। हाम्रो वेबसाइट हेर्नुहोस् :
**www.sikenvis.nic.in/Newsletter.htm**

## अन्यहरू...


- भविष्यतिर एवं सम्पादकीय — २
- सिक्किम वन तथ्याङ्क — ४

**पर्यावरण शिक्षण कार्यक्रमहरू**
- ग्रीन स्कूल कार्यक्रम - सिक्किम — ६
- शिशु एवं युवा राष्ट्रिय सम्मेलन : अनेकतामा एकता — ८
- जिम्मेवारीको अन्तरराष्ट्रिय अधिकार पत्र — ६
- राष्ट्रिय पर्यावरण जागरूकता अभियान २०१०-११ — १०

**घटना एवं समारोहहरू**
- विश्व पर्यावरण दिवस - जून ५ — ११
- सिक्किम राज्य हरित मिशन चरण ५ — ११
- जैवविविधताको अन्तरराष्ट्रिय वर्ष २०१० — १२
- वन्य जीवन सप्ताह : १-७ अक्टोबर — १४
- संरक्षण दिवस - २५ नोभेम्बर — १४

- हिमालयन जुलोजिकल पार्क, बुलबुले, गान्तोक सिक्किममा पालित रेड पाण्डाको प्रजनन — १५
- भारतमा प्राकृतिक वनहरूको दीर्घमियादी प्रबन्धनका निम्ति मानदण्ड र सूचकहरूको ढाँचागत रूपमा संस्थागत संगोष्ठी — १६
- कार्य योजना-वनस्पति कार्बन साझा कोष निर्धारण परियोजना — १७
- योक्समदेखि जोङरीसम्म वज्जरशून्य बाटो निर्माणको प्रयत्न — १८
- **सङ्कट सूचक :** ताक्छम छु वाटरसेडमा अकस्मात भेलको प्रकोप — २०
- जाइकाद्वारा सहयोग गरिएको सिक्किम जैव विविधता संरक्षण र वन प्रबन्धन (एसबीएफपी) परियोजना — २३
- पर्या गन्तव्यहरू : गुरू दोङमार एवं छोलामु पोखरीको भ्रमण — २४
- खेचेपेरी पोखरी-संरक्षण शुल्क — २६
- वैज्ञानिक पत्र : रूटिनको सङ्ख्यात्मक विवेचनाका निम्ति एक नयाँ प्रणाली विज्ञान — २८
- सिक्किममा जीवविज्ञान र सामाजिक-आर्थिक मूल्याङ्कनअन्तर्गत गाई चरण प्रतिबन्धमाथिको छोटो विवरण — ३०

पी. सी. सी. एफ. एवं सचिव
वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभाग,
सिक्किम सरकार
देवराली - ७३७१०२, गान्तोक
दुरभाष (कार्यालय): ०३५९२- २८१२६१
फ्याक्स : ०३५९२-२८१७७८
Email: pccfcumsecretary@gmail.com



# भविष्यतिर

आफ्नो शतवार्षिकीको माइलखुट्टी गत वर्ष पूर्ण गरीसकेपछि वन विभाग आउने दिनहरूमा आफ्ना कतिपय अपूर्ण योजनाहरूलाई प्राप्त गर्नका निम्ति एउटा अर्को यात्राको थालनी गर्ने क्रममा रहेको छ।

अन्तरराष्ट्रिय जैवविविधता वर्षका रूपमा मानिएको विगत वर्ष २०१० सिक्किमका निम्ति धेरै घटना प्रधान रह्यो जसमा राज्यले वर्ष २००८ -मा अन्तरराष्ट्रिय पुष्प उत्सवको आयोजना गरेको थियो। यस्ता उत्सवहरू राज्य र राज्यवासीका निम्ति निसन्देह एउटा सम्मान हुन्।

"जैवविविधता जीवन हो, जैवविविधता हाम्रो जीवन हो" मूल विषय-वस्तु बोकेको यो अन्तरराष्ट्रिय जैवविविधता वर्षले स्वयंनै हाम्रो जीवन धरतीमा एर्काकासित सबै जीवित प्राणीहरू उच्च स्तरमा निर्भर रहेको दर्शाउदछ। हामी वनकर्मीहरूलाई सिक्किम देशमै जैवविविधताको धनी क्षेत्र रहेकोले ठूलो प्रशंन्नता दिलाउँदछ साथै राज्यमा रहेको विविध जैवविविधताको संरक्षणका निम्ति गहिरो सोंचाई निर्माण गर्ने प्रेरणा पनि दिँदछ। यसैले विभिन्न संरक्षणात्मक कार्यहरूलाई यस मुद्दामा शीर्ष स्थान दिइएको छ।

वैश्विक मौसम परिवर्तनको यस युगमा पर्यावरणमाथि हानीकारक असरलाई कम गर्न हामी सबै नयाँ उपायहरू खोज्ने क्रममा छौं र प्राकृतिक सन्तुलनको प्रयासमा छौं जसद्वारा विलुप्त हुँदै गएका हाम्रा प्राकृतिक संसाधनहरूलाई पुनः प्राप्त गर्न सकियोस्। हाम्रो राज्यले राज्य हरित क्रान्ति, हरियालीलाई १० मिनट जस्ता नयाँ अवधारणा लिएर अघि आएको छ जसअन्तर्गत राज्यवासीद्वारा वृहत रूपमा बिरुवा रोपणका कार्यहरू भइरहेछन्। यस्ता कार्यहरूसितै सिक्किमले अन्य राज्यहरूका अघि उदाहरण प्रस्तुत गरेको छ भने अन्य राज्यले पनि यिनै उपायहरू अप्नाएर केही गर्न सक्नेछन्।

वर्तमान सञ्चार माध्यमको युगमा सूचनाको प्रसार एकदमै महत्वपूर्ण हुने गर्दछ। विभागद्वारा पर्यावरण संरक्षणका निम्ति भइरहेका विभिन्न क्रियाकलापलाई दर्शाउन र सूचनात्मक रहेको सिद्ध गर्नका निम्ति पाण्डा द्वैवार्षिक सूचना पत्रले एक महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

**- एस. टी. लाचुङ्पा, आईएफएस**

## वर्ष १९९४ - २०१० :
## भारतमा सिक्किम प्रथम राज्य

१ वन क्षेत्रमा २ प्रतिशतको बढोत्तरी (भारतीय वन सर्वेक्षणमा दर्ता : वर्ष १९७५ -मा ३७ प्रतिशतदेखि वर्ष २००७ -को ४७.५९ प्रतिशत)

२ देशमै उच्च वन्य प्राणी संरक्षित क्षेत्र (३४ प्रतिशत)

३ संरक्षित वनहरूमा पशु चरणमाथि प्रतिबन्ध; असरदार अध्ययनको क्रममा

४ सरकार र जनसाधरणको वृहत सहभागितामाथि बल दिँदै प्रत्येक वर्ष १५ जूनलाई राज्य हरित मिशनका रूपमा वार्षिक अनुष्ठानका रूपमा शुरुवात

५ पृथ्वीलाई १० मिनट कार्यक्रमको शुरुवात जसलाई प्रत्येक वर्ष
२५ जूनका दिन वार्षिक अनुष्ठानका रूपमा सबै सिक्किमेद्वारा १० निर्दिष्ट मिनट वृहत बिरुवा रोपण

६ सिक्किम जीवविज्ञान कोष र पर्यावरण शुल्क ऐन, २००५ अन्तर्गत विकासीय परियोजनाहरूमा अनिवार्य रूपमा पर्यावरण शुल्कको प्रावधान

७ सरकारी अधिसूचनाअन्तर्गत प्लाष्टिक क्यारी ब्यागहरूमाथि प्रतिबन्ध

८ गिद्ध मार्ने अरसायनिक एनएसएआईडी ड्रग डिक्लोफिनेकमाथि सरकारी अधिसूचनामार्फत प्रतिबन्ध

९ राज्यव्यापी रूपमा ११ वटा महत्वपूर्ण पंक्षी क्षेत्र चिन्हित

१० दक्षिण सिक्किम राबोङ बजारलाई गुराँस कुञ्ज शहरका रूपमा घोषित

११ पर्यावरण पर्यमैत्री, पर्या राजमार्गहरू र हरित सडकहरूको शुरुवात

१२ अन्तरराष्ट्रिय गुराँस उत्सव २०१० पालन

१३ दक्षिण सिक्किम दामथाङमा राज्य जैवविविधता उद्यानको स्थापना

१४ सबै जिल्ला र राज्यका पञ्चायत वार्डहरूमा स्मृति वनहरूको स्थापना

१४ हिमाल रक्षक र पोखरी रक्षक संरक्षण समितिको स्थापना

१६ राज्य वन एवं पर्यावरण संरक्षण पुरस्कारका रूपमा राज्य पुरस्कारको स्थापना

१७ प्रजातान्त्रिक र वैज्ञानिक वन कार्ययोजना र वन्य जीवन प्रबन्धन योजनाहरूको निर्माण

१८ राज्यवासीलाई सय प्रतिशत पर्यावरण सचेत बनाउनका निम्ति सबै स्कूल र कलेजहरूमा अनिवार्य पर्यावरण शिक्षा : ईएनभीआईएस सेल (www.sikenvis.nic.in) मार्फत एनजीसी, एनईएसी, जीएसपी कार्यक्रमहरू

१९ पवित्र शिखरहरू, गुफाहरू, चट्टानहरू, जमीन र छोर्तेनहरू साथै तातोपानीहरूलाई अधिसूचित गरियो एवं २००९-को ट्रेकिङ नियम आदेशअन्तर्गत कञ्चनजङ्घा लगायतका महत्वपूर्ण शिखरहरूको आरोहणमाथि प्रतिबन्ध

२० सुख्खा क्षेत्र संरक्षण कार्यक्रम शुरु गरियो र यसमा ६ वटा सुख्खाग्रस्त समूहहरूलाई राष्ट्रिय सुख्खाग्रस्त संरक्षण कार्यक्रमअन्तर्गत समावेश; राज्य हिम नदी आयोगको गठन, क्षमतावान रामसार साइट्स चिन्हित

२१ प्राकृतिक संसाधन प्रबन्धन केन्द्रको वित्तीय विकासमा प्रथम एवं उत्कृष्ट

२२ ईएसआई र्‍याङ्किङ २००६ -मा पर्यावरणमाथिको चापलाई कम गर्ने र पर्यावरणलाई सही रूपमा कायम राख्नमा राज्यको जिम्मेवारीमा प्रथम एवं उत्कृष्ट

२३ रसायनिक मलहरूमाथि, कीटनासकहरूमाथि प्रतिबन्ध लगाउँदै पर्यामैत्री उपायहरूलाई प्रोत्साहन दिँदै पूर्ण जैविक प्रणाली तर्फ अग्रसर

२४ पर्यावरण सेवा उपलब्ध गराउँदै हरित कार्य गरेर योजना आयोगबाट ग्रीन बोनस प्राप्त

२५ १५० वन रक्षकहरूको नियुक्ति जसमध्ये ३५ प्रतिशत महिला रक्षक

## वन विज्ञान र जैव विविधतामा निर्धारित लक्ष्य

*i.* रु. ३३०.५७ करोड रुपियाँको लागत मूल्यसहित सिक्किम जैव विविधता संरक्षण र वन प्रबन्धन परियोजनालाई जाइकाको सहयोग

*ii.* बज्राँठ र अन्य विलुप्त बन्दै गएका वन्य सम्पदा, औषधीय वनस्पति लगायत अन्यान्यको संरक्षणका निम्ति मौसम अध्ययन साथै हाइटेक नर्सरीका निम्ति जीटीजेड सहयोग

*iii.* रिमोट सेन्सिङ र जीआईएसमार्फत परियोजना क्षेत्रमा दीर्घमियादी वन प्रबन्धन

*iv.* पर्यावरण एवं प्रदूषण नियन्त्रण बोर्डको गठन एवं सक्रियताको लागि परिवेश भवनको निमार्ण

*v.* जनसहभागिता, सहकार्य परियोजना, अनुसन्धान संस्थानहरू, राज्य जैवविविधता योजना, कार्य योजना (एसबीएसएपी) दस्तावेज, सिक्किम राज्य जैवविविधता बोर्ड (एसएसबी) आदिको स्थापना

*vi.* राज्य औषधीय वनस्पति बोर्ड (एसएमपीबी)-लाई मजबूती प्रदान गर्ने कार्य योजना जसमा राज्यका मुख्यमन्त्री अध्यक्ष रहनेछन्

*vii.* इन-सीटू एवं एक्स सीटूलाई वन, वन्य जीवन सङ्ख्याअन्तर्गत वैश्विकरूपमा विलुप्त प्रायः बन्दै गएका जीव-जन्तुहरू जस्तै हिम चितुवा, तिब्बती अर्गाली, कालो घाँटी भएको बकुला र रङ्ग दिने वनस्पति आदिको संरक्षण गरिने

*viii.* पश्चिम सिक्किमको राब्देनचीको सिदकोङ टुल्कु पंक्षी उद्यान, उत्तर सिक्किमको राङराङ पुतली उद्यान, हिमालयन जुलोजिकल पार्कमा संरक्षणात्मक प्रजनन कार्यक्रमअन्तर्गत रेड पाण्डा, हिम चितुवा, मुनाल र लुइचे आदिको प्रजनन कार्यक्रम

*ix.* जैव पर्यटन कार्यक्रम र जैव पर्यावरण नीतिलाई बढावा

*x.* मार्चकमा प्राकृतिक इतिहासको राष्ट्रिय संग्रहालय; पाङथाङमा जैवविविधता केन्द्र र राज्य वन संग्राहलयको निर्माण गरिने



प्रमुख वन संरक्षक - नोडल अधिकारी
(ल्याण्ड युज एण्ड इनभ्यारोमेन्ट- एफ. सी. ए.)
समन्वयक (एनभीआईएस)
वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभाग, सिक्किम सरकार
देवराली - ७३७१०२, गान्तोक
दुरभाष (कार्यालय): ०३५९२- २८११४५
Email: c_lachungpa123@hotmail.com

## सम्पादकीय

# समन्वयकको डेस्कबाट

विभागका निम्ति विगत वर्ष २०१० एकदमै सराहणीय रह्यो। यस वर्षलाई अन्तरराष्ट्रिय जैवविविधता वर्षका रूपमा निर्धारित गरियो र सिक्किमले जैवविविधताको एक प्रमुख स्थलका रूपमा राज्यमा रहेको जैवविविधतालाई दर्शाउने काम गर्‍यो। राज्यको धनी जैवविविधतामाथि प्रकाश पार्दै हामीले स्थानीय जैवविविधतालाई सम्पूर्ण रूपमा संरक्षण गर्नका निम्ति आफ्नो प्रयास खर्च गर्नुपर्ने छ जसद्वारा वैश्विक रूपमा मौसम परिवर्तनको बढिरहेको खतरालाई प्रतिरोध गर्न सकियोस्।

पाण्डा सूचना पत्रको यो अङ्क वन विभागद्वारा यस वर्ष पालन गरिएको विभिन्न कार्यक्रम र क्रियाकलापको संकलन हो। यस अङ्कले विभागद्वारा पर्यावरण शिक्षा र संरक्षण जस्तै राष्ट्रिय हरित दल, ग्रीन स्कूल कार्यक्रम आदिमाथि प्रकाश पार्दछ। राज्यका स्कूलहरूले यस्ता हरित कार्यक्रममार्फत राष्ट्रव्यापी रूपमा सिक्किमको पहिचान बनाएको छ। पर्यावरणप्रति जागरूकता विस्तार गर्ने यस युगमा इनभीआईएस सेन्टरले पर्यावरणप्रति जागरूकतालाई थप प्रोत्साहन दिनका निम्ति पदक्षेपहरू चालिरहेछ। पर्यावरणीय चेतनालाई अग्रसरित गर्नमा ईएनभीआईएस केन्द्रको टोलीले खुबै कार्यकुशलताका साथ काम गरिरहेछ। म टोलीलाई निरन्तर प्रयासका निम्ति बधाई दिदँछु।

विभागले संक्षिप्त रूपमा विगत १५ वर्षमा गरेको उपलब्धीलाई पनि यस अङ्कमा संक्षिप्त रूपमा दर्शाएको छ। यस पत्रिकाले आफ्नो भूमिकामाथि न्याय गरेको छ र धेरैभन्दा धेरै मानिसहरूका हातमा पुगेर पर्यावरण जागरूकतालाई थप सहयोग पुर्‍याएको छ।

द्वैवार्षिक पत्रिका पाण्डा वन विभागको धेरैभन्दा धेरै मानिसहरूमाझ पुग्ने एक माध्यम हो। पाठकहरूका निम्ति यसमा समाहित जानकारीले ठूलो सहयोग पुर्‍याउने आशा राख्न सकिन्छ।

नव वर्ष २०११ सबैका निम्ति खुशीयालीपूर्ण र सम्वृद्धशाली बनोस् भन्ने कामना गर्दछु।

**- सी. लाचुङ्पा, आईएफएस**



# सिक्किम वन तथ्याङ्क २००६

*सिक्किम राज्यले वन क्षेत्रमा वर्ष २००५ देखि २००७ -सम्ममा २ प्रतिशतको बढत निर्धारण गरेको भारतीय वन सर्वेक्षणद्वारा उल्लेख गरिएको छ*

*स्रोत : राज्य वन क्षेत्र विवरण २००६*

राज्यको भौगोलिक क्षेत्र : ७,०९६ वर्गकिलोमिटर

आरक्षित वन क्षेत्रको विवरण : ५,८४१ वर्गकिलोमिटर (राज्यको भौगोलिक क्षेत्रको ८२.३१ प्रतिशत)

- आरक्षित वन क्षेत्र : ९३.३४ प्रतिशत । संरक्षित वन क्षेत्र ६.६६ प्रतिशत

| वन क्षेत्र (वर्ग किलोमिटर) | | |
|---|---|---|
| | २००५ को अनुमानअनुसार | २००७ -को मूल्याङ्कनअनुसार |
| एकदमै घना वन | ४९८ | ५०० |
| आंशिक घनत्व वन क्षेत्र | १,९१२ | २,१६१ |
| खुल्ला वन क्षेत्र | ८५२ | ६९६ |
| कूल | ३,२६२ | ३,३५७ |
| राज्यको भौगोलिक क्षेत्रअनुसार | ४५.९७ % | ४७.३१ % |
| **वन तथा रुख-पातको अनुपात** | | |
| वर्ग | क्षेत्र (वर्गकिलोमिटरमा) | भौगोलिक क्षेत्रको प्रतिशतमा |
| रुख-पातले ढाकेको | २० | ०.२८ |
| वनले ढाकेको | ३,३५७ | ४७.३१ |
| वन र रुख-पातले ढाकिएको | ३,३७७ | ४७.५९ |




भारत सरकारको वन तथा पर्यावरण मन्त्रालयको वन सर्वेक्षणअन्तर्गत राज्यहरूको वन क्षेत्रको विवरणअनुसार यस वर्षसम्ममा वन क्षेत्रको स्थितिको मूल्याङ्कन निम्न रहेको छ। विभिन्न वर्षमा गरिएको वन क्षेत्रको लिपिबद्ध विवरण




**टिप्पणी :** सिक्किमको कूल भौगोलिक क्षेत्रको ४४ प्रतिशत गौ चरण क्षेत्र, बुट्टा-बुट्टी तथा स्थायी रूपमा हिउँले ढाकिएका उच्च स्थान क्षेत्र पर्दछ। यसैले यी क्षेत्रहरूलाई रुखहरूद्वारा ढाक्न असम्भव हुनजान्छ। रुख-पातले ढाकिएको क्षेत्र यसैकारण यी स्थानदेखि बाहिर पर्नेगर्दछ।

*प्रत्येक वर्ष जून महिनाको २५ तारिखलाई वृहत बिरुवा रोपणका निम्ति सबै समर्पित सिक्किमेले निर्दिष्ट १० मिनटलाई एक वार्षिक अनुष्ठानको रूपमा पालन गर्दछन्*



# १  मिनट पृथ्वीलाई

PLANT FOR THE PLANET

संयुक्त राज्यको पर्यावरण कार्यक्रमलाई (यूएनईपी) विश्वव्यापी रूपमा बिरुवा रोपण अभियान "धरतीका निम्ति : असंख्यौं वृक्ष अभियान" अन्तर्गत सिक्किमले धरतीका निम्ति १० मिनट कार्यक्रममार्फत सहयोग पुऱ्याइरहेछ। सम्माननीय मुख्यमन्त्री श्री पवन चामलिङको निर्देशनमा राज्य सरकारले पृथ्वीलाई १० मिनट कार्यक्रमको शुरुवात गरेको हो।

जून महिनाको २५ तारिख एक वार्षिक अनुष्ठानका रूपमा पालन गरिने यस कार्यक्रमलाई वृहत रूपमा बिरुवा रोपणका निम्ति राज्यवासीले समर्पित गरेका हुन्। देशकै सबैभन्दा हरितप्रेमी मुख्यमन्त्री श्री पवन चामलिङद्वारा एक सशक्त राजनीतिक इच्छा शक्ति देखाएर शुरु गरिएको यस अवधारणाको शुरुवात वर्ष २००६ -मा 'हरियालीलाई १० मिनट' मूल विषय-वस्तु बनाएर गरिएको थियो। बिहान १०.३० देखि १०.४० - सम्मको निर्धारित १० मिनटको समयमा ६ लाख १० हजार ६ सय ६४ बिरुवाहरू रोपिए। राज्यका सबै क्षेत्रका जनताले राज्यको जनसङ्ख्याभन्दा अधिक बिरुवा रोपेर यसलाई पालन गरे। यसका निम्ति वन विभागले व्यापक रूपमा विभिन्न प्रजातिका बिरुवाहरू सित्थैमा बाडेको थियो। उक्त कार्यक्रम आफैमा अभूतपूर्व रहेको थियो।

वर्ष २०१० -को २५ जूनमा यस अभियानले दोस्रो वर्ष टेकेपछि राज्यले नै यसलाई एक वार्षिक अनुष्ठानका रूपमा पालन गर्न शुरु गऱ्यो। यस वर्ष बिहान ६.१५ देखि सम्पूर्ण राज्यभरि ६.२५ सम्म ठूलो उत्साहका साथ लगभग ६ लाख विभिन्न प्रजातिका बिरुवा रोपिए।

राज्यपाल श्री बी. पी. सिंह, मुख्यमन्त्री श्री पवन चामलिङ र श्रीमती टीकामाया चामलिङले गणेश टकमा गुराँसका बिरुवाहरू रोपे।

**धरतीलाई १० मिनटले भारतीय सभ्यता र मूल्यको उच्च परम्परालाई दर्शाउने गर्दछ। यस कार्यक्रममार्फत सिक्किमले जीवविज्ञान पुर्नस्थापनाको सपनाको दियो जलाउने काम गरिरहेछ र यस दियोले अन्य राज्यहरू साथै विश्वलाई नै मार्गदर्शन गरोस्।**

**- राज्यपाल बी. पी. सिंह**

यस १० मिनटको कार्यले वार्षिक रूपमा १४ सय टन कार्बोन-डाइ-अक्साइड ग्यासलाई कम गर्ने गर्दछ। सिक्किमले यसैले पनि मौसम परिवर्तनको क्रमलाई कम गर्ने तक्निकी देखाएको छ भने रोपिएका बिरुवाहरूको उचित संरक्षणप्रति पनि प्रतिबद्धता दर्शाएको छ।










# पर्यावरण शिक्षा कार्यक्रम

## ग्रीन स्कूल कार्यक्रम



*चित्र : सरकारी माध्यमिक विद्यालय रेशी पश्चिम सिक्किमको ईको क्लब*

ग्रीन स्कूल कार्यक्रम एउटा पर्यावरणीय शिक्षण कार्यक्रम हो जसद्वारा पर्यावरणका निम्ति कुनै पनि स्कूलको कार्यलाई बढावा दिइने गरिन्छ।

राज्य स्तरमा सिक्किमले प्रथम पल्ट वर्ष २००६ -मा ग्रीन स्कूल कार्यक्रमको शुरुवात गरेको हो। विज्ञान एवं पर्यावरण केन्द्र (सीएसई) नयाँ दिल्लीद्वारा राष्ट्रिय स्तरमा र ईएनभीआईएस केन्द्र, वन, पर्यावरण तथा पशुधन प्रबन्धन विभागद्वारा राज्यमा सञ्चालित एक स्वयं निर्धारित कार्यक्रम हो। यस कार्यक्रमअन्तर्गत शिक्षकहरू तथा विद्यार्थीहरूले जल, वायु, जमीन, ऊर्जा र फोहोर आदि आफ्नो स्कूल परिसरमा सीएसईद्वारा प्रकाशित एक दिशानिर्देशन पुस्तिका *'मेरो स्कूल कतिको हरियो छ?'*-लाई कठोर लेखा परीक्षाका साथ पालन गर्ने गर्दछन्।

उक्त पुस्तिका आफू स्वयंले गरिनु पर्ने कार्यमाथि आधारित छ। सिक्किममा माध्यमिक एवं उच्चतर माध्यमिक स्तरका गरेर कूल १३६ स्कूलहरूमा ग्रीन स्कूल कार्यक्रम कार्यन्वयन भईरहेछ। जीएसपी एउटा लामो समयका निम्ति निर्धारित कार्यक्रम हो जसले विद्यार्थीहरू, शिक्षक, अभिभावक र जनसमूहलाई पर्यावरणीय प्रबन्धन प्रणालीसित परिचित गराउँदछ।

यद्यपि, जीएसपी केवल एक पर्यावरणीय प्रबन्धन प्रणालीभन्दा धेरै अधिक रहेको छ। यसले सहभागीहरूमाझ नागरिकता र नेतृत्वको असल ज्ञान विकसित गराउँदछ जो स्कूल परिसरदेखि टाढा-टाढासम्म रहन्छ। यसमा समूहगत कार्यलाई बढावा दिइन्छ। यसले स्कूल प्रबन्धनको ढाँचालाई विस्तृत पार्छ र प्रजातान्त्रिक परिपाटीमा अघि बडाउँदछ। यस अन्तर्गत विद्यार्थीहरूलाई निर्णय क्षमता विकसित गराइन्छ र आफ्ना निम्ति निर्णय लिनसक्ने र कुनै काम गर्नमा सक्षम पनि बनाउँछ।

कक्षागत अध्ययन र त्यसबाट प्राप्त ज्ञानलाई अनुकूल रूपमा लिएर स्कूल र अन्य स्थानमा लागू गराउनका निम्ति ग्रीन स्कूल कार्यक्रम एउटा भरपर्दो माध्यम हो।

### शिक्षक प्रशिक्षण



ग्रीन स्कूल कार्यक्रम २०१०-११ सत्रको शुरुवात सिक्किम विज्ञान केन्द्र, मार्चक पूर्व सिक्किममा २७ र २८ जुलाई २०१० -मा दुई दिवसीय शिक्षक प्रशिक्षणसहित शुरु भयो।

कार्यक्रमको उद्घाटन माननीय वन मन्त्री श्री भीमप्रसाद ढुङ्गेलले गरेका थिए। राज्यका चारै जिल्लाका लगभग ८० शिक्षकहरूले प्रशिक्षणमा भाग लिएका थिए। ग्रीन स्कूल पुस्तिकाअन्तर्गत प्रशिक्षणमा सहयोगका निम्ति विज्ञान तथा पर्यावरण केन्द्र (सीएसई) नयाँ दिल्लीबाट श्री आशिष शाह र सुश्री अजन्ता स्रोतवक्ताका रूपमा उपस्थित रहेका थिए। प्रशिक्षण मुख्यरूपमा यस विषयको पुस्तिकालाई राम्ररी बुझाउनका निम्ति, शिक्षकहरूलाई प्रोत्साहित गर्नका निम्ति र स्कूलहरूमा लागू गर्नका निम्ति राखिएको थियो।



















सिक्किमद्वारा प्रथमपल्ट राज्य स्तरीय ग्रीन स्कूल कार्यक्रम देशमै पालन गरियो र तीन सरकारी विद्यालयहरूले यसमा राष्ट्रिय पुरस्कार प्राप्त गरे।

चित्रमा : (देब्रेपटि) : सुश्री सन्ध्या प्रधान, कार्यक्रम अधिकारी (ईएनभीआईएस) र श्री एमआर राई, डीएफओ, वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभाग सिक्किमलाई विज्ञान एवं पर्यावरण केन्द्र नयाँ दिल्लीमा कार्यक्रमकी मुख्य अतिथि श्रीमती शर्मिला टेगोरद्वारा प्रमाण-पत्र प्रदान गर्दै।

**सिक्किमलाई वर्ष २००६-का निम्ति गोबर टाइम्स् ग्रीन स्कूल अवार्ड**

प्राकृतिक संसाधनलाई आफ्नो स्कूल परिसरमा नयाँ र असरदार ढङ्गमा लागू गर्ने स्कूलहरूलाई उनीहरूको कार्यको प्रोत्साहनका निम्ति गोबर टाइम्स् ग्रीन स्कूल अवार्डद्वारा स्कूलहरूलाई अलङ्करण गरिन्छ। २० फरवरी, २०१० -मा नयाँ दिल्लीमा एउटा रङ्गारङ्ग र उच्च स्तरीय पुरस्कार समारोह बाीच सिक्किमका तीनवटा स्कूललाई ग्रीन स्कूल कार्यक्रम २००६ अन्तर्गत राष्ट्रिय पुरस्कार प्रदान गरियो। यो पुरस्कार अखिल भारतीय ग्रीन स्कूल वर्गमा शीर्ष स्थान प्राप्त गर्ने तीन स्कूलहरू;





राष्ट्रिय स्तरमै प्रथम दश ग्रीन स्कूलहरूमा पश्चिम सिक्किमको रेशी माध्यमिक विद्यालयलाई पुरस्कार प्राप्त भयो



ऊर्जाको उत्कृष्ट प्रबन्धनका निम्ति पूर्व सिक्किमको नाम्चेबुङ माध्यमिक विद्यालयलाई



वायुको उत्कृष्ट प्रबन्धनका निम्ति पूर्व सिक्किमकै लिङ्के माध्यमिक विद्यालयलाई,

यी पुरस्कारहरू कार्यन्वयन एजेन्सीहरूले ग्रहण गरेर विश्व पर्यावरण दिवस, ५ जून, २०१० -का निम्ति राज्यमा यी स्कूलहरूलाई रु. ५ हजारको दरले प्रदान गरियो।

## *कसरी सिक्किमे विद्यालयहरूले राष्ट्रिय ग्रीन स्कूल अवार्ड प्राप्त गरे?*

विज्ञान एवं पर्यावरण केन्द्रको ग्रीन स्कूल अवार्ड सूचीमा राष्ट्रिय स्तरमै सिक्किमका दुइ विद्यालयले अघिबाटै स्थान बनाइसकेका छन्।

- वर्ष २००७ -मा पश्चिम सिक्किममा दरामदिन माध्यमिक विद्यालयलाई राष्ट्रियस्तरमै दोस्रो उत्कृष्ट स्कूलको पुरस्कार
- रेशी माध्यमिक विद्यालय पश्चिम सिक्किमलाई वर्ष २००६ -मा देशकै शीर्ष १० स्कूल पुरस्कार

**सरकारी माध्यमिक विद्यालय रेशी पश्चिम सिक्किम: (वर्ष २००६-को शीर्ष १० स्कूलमा)**

प्रथमपल्ट मै ठूलो उत्साह, उमङ्ग, प्रतिबद्धता र समूहगत कार्य गरेर विद्यार्थी एवं शिक्षकहरूले आफ्ना निम्ति शीर्ष १० -मा स्थान बनाउन सफल रहे। स्कूलको पर्या क्लबले पाँचवटै क्षेत्रहरू, जल, वायु, जमीन, ऊर्जा र फोहोर प्रबन्धनको समग्र मूल्याङ्कनमा ७२.५ प्रतिशत अङ्क बटुले। स्कूलमा जल एकत्रित गर्ने माध्यम छ, फोहोर कागजलाई पुनः प्रयोग गरिन्छ, फोहोरलाई अरूदेखि अलग राखिन्छ, प्लाष्टिक र जलको पुनः प्रयोगको विधि अप्नाइन्छ र स्कूलमै वनस्पतिक खादको निम्ति खाल्डो रहेको छ। स्कूलको एकपल्ट भ्रमण गरिएमा अन्य धेरै साना तर प्रोत्साहनमूलक कार्यहरू देख्न पाइन्छ। पुनः प्रयोग गरिएको फोहोरबाट निर्मित एउटा सानो गुडियाद्वारा तपाईंको स्वागत गरिएमा तपाईं अचम्भ नमान्नु होला।



**सरकारी माध्यमिक विद्यालय दरामदिन पश्चिम सिक्किम : (२००७ -मा दोस्रो स्थान)**



ग्रीन स्कूलको पुस्तिकामा उल्लेखित सबै नियमलाई कडाइकासाथ यस ग्रामीण सरकारी विद्यालयले पालन गरेको छ।



स्कूलमा दुइवटा पानीका कल छन्। स्कूलमा प्रतिव्यक्ति खपत हुने पानीको मात्रालाई नाप्नका निम्ति अडिट दलले २५० मिलीमिटरका दुइवटा बोतल कलका छेउमा राख्यो र ती बोतलबाट प्रत्येक विद्यार्थीले पिएको पानीको गन्ती राख्यो।

यो स्कूल देशमै सम्भवतः परिवर्तन ल्याउने कूल १५ हजार ग्रीन स्कूलहरूमध्ये वर्ष २००७ यताको विद्यालयहरूको शीर्ष २० सूचीमा पर्दछ।

**ग्रीन स्कूल कार्यक्रम २००६-मा विद्यालयहरूको राज्य स्तरीय र्‍याङ्किङ**

| | | |
|---|---|---|
| १. | रेशी सरकारी माध्यमिक विद्यालय | पश्चिम |
| २. | देउराली उच्चतर माध्यमिक विद्यालय | पूर्व |
| ३. | फुडुङ सरकारी उच्चतर माध्यमिक विद्यालय | उत्तर |
| ४. | बर्मेक टोकल सरकारी उच्चतर माध्यमिक विद्यालय | दक्षिण |
| ५. | देन्ताम उच्चतर सरकारी माध्यमिक विद्यालय | पश्चिम |
| ६. | नाम्चेबुङ सरकारी माध्यमिक विद्यालय | पूर्व |
| ७. | नाम्फोक माध्यमिक विद्यालय | दक्षिण |
| ८. | रिनाक उच्चतर माध्यमिक विद्यालय | पूर्व |
| ९. | लिङ्के सरकारी माध्यमिक विद्यालय | पूर्व |
| १०. | पाल्जर नामग्याल कन्या उच्चतर माध्यमिक विद्यालय | पूर्व |

# पर्यावरण शिक्षा कार्यक्रम




चित्रमा : कार्यक्रमको उद्घाटन सत्रमा देशका सबै भागबाट आएका विद्यार्थीहरू आ-आफ्नो पारम्परिक पोशकमा आन्ध्र प्रदेशका मुख्यमन्त्री डा. के रोशैया गारूसित

पर्यावरणीय जागरूकता फैलाउनका निम्ति विद्यार्थीहरू परिवर्तनका परिणामधारक हुन्। समयको मागलाई प्रोत्साहित गर्न पर्यावरण र वन मन्त्रालयले सर्वप्रथम राष्ट्रिय स्तरमै बाल एवं युवा सम्मेलन एनजीसीको संयुक्त तत्वावधानमा आन्ध्र प्रदेशमा आयोजित गऱ्यो। यो अवसर ५ देखि १० जूनसम्म ब्राजिलमा आयोजित अन्तरराष्ट्रिय सम्मेलनलाई आत्मसात गर्दै आयोजना गरिएको थियो। उक्त अधिवेशनमा भारतीय प्रतिनिधि मण्डलमा छत्तीसगढ, चण्डीगढ, असम, हरियाणा, लक्ष्यद्वीप, केरला, आन्ध्र प्रदेश र महाराष्ट्रका विद्यार्थीहरूलाई एनसीईआरटीद्वारा छनौट गरेर पठाइएको थियो जसमा ५३ देशका अन्य नानीहरूले पनि भाग लिएका थिए।

राष्ट्रिय हरित दल (एनजीसी) सिक्किमको कार्यन्वयन स्कूल पर्याक्लबहरूद्वारा गरिन्छ र यसको समन्वयन ईएनभीआईएस केन्द्रद्वारा वन, पर्यावरण एवं वन्य प्राणी प्रबन्धन विभागअन्तर्गत पर्यावरणीय जागरूकतालाई प्रेरित गर्नका निम्ति प्रदान गरिन्छ। अगस्त २५ देखि ३०, २०१० -मा प्रथम पल्ट आयोजित बाल एवं युवा राष्ट्रिय सम्मेलन, हैदराबादमा कूल २१ वटा राज्यले भाग लिएका थिए।

एक सप्ताह लामो कार्यक्रममा पर्याप्रदर्शनी, पर्यापरियोजना कार्य, पर्या चित्रकला, पर्या नाटक, पर्या कठपुतली कला, पर्या चलचित्र, पर्या संसद, सांस्कृतिक र शैक्षिक प्रस्तुति विशेष रूपमा गरिएको थियो। सिक्किमबाट उक्त सम्मेलनमा भाग लिने पर्या क्लब विद्यार्थीहरूले आफ्नो पर्यावरणीय प्रयत्नलाई ग्रीन स्कूल कार्यक्रममा अघि सारेका थिए। उक्त कार्यक्रममा राज्य सरकारद्वारा पर्यावरण संरक्षणका निम्ति चालिएका पदक्षेपहरूलाई प्रकाश पारिएको थियो। सिक्किम राज्यलाई यसको पर्यावरण प्रतिको प्रतिबद्धता र दीर्घमियादी विकासका निम्ति सम्मेलनमा प्रशंसा प्राप्त भएको थियो।

उक्त कार्यक्रम अन्तरक्रिया, विचार आदान-प्रदान र स्कूले विद्यालयहरूको पर्यावरण संरक्षणका सन्देशवाहकका रूपमा भूमिकालाई विशेष प्रकाश पारिएको थियो। उक्त राष्ट्रिय सम्मेलनले अनेकतामा एकताको सन्देशलाई अघि ल्याएको थियो जसमा विद्यार्थी, शिक्षक र विभिन्न राज्यका अधिकारीहरू, पर्यावरण मन्त्रालय र एनसीईआरटीलाई एउटै मञ्चमा ल्याएर धरतीमातालाई बचाउने एकमात्र वैश्विक ध्येयलाई छर्लङ्ग पारिएको थियो।

## अनेकतामा एकता

सिक्किम राज्य राष्ट्रिय हरित दल (एनजीसी) सर्वप्रथम आयोजित राष्ट्रिय बाल एवं युवा सम्मेलनमा हैदराबाद, २५-३० अगस्त, २०१०

एनजीसी सिक्किमले उक्त कार्यक्रममा ८ सदस्यीय टोलीसहित भाग लिएको थियो जसमा पाँच विद्यार्थी, दुइ शिक्षक र ईएनभीआईएसका एक अधिकारी रहेका थिए।



*चित्रः परम्परागत पोशकमा उभिएका एनजीसी सिक्किमको प्रतिनिधि मण्डल उद्घाटन सत्रमा*

सिक्किमका प्रतिभागीहरू :

**पूर्व जिल्लाबाट : देउराली गर्ल्स उच्चतर माध्यमिक विद्यालय**
- सुश्री याङछेन भोटिया (कक्षा दश)
- सुश्री चेतना छेत्री ( कक्षा दश)
- सुश्री पूर्णिमा शर्मा (शिक्षिका)

**उत्तर जिल्लाबाट : मगन उच्चतर माध्यमिक विद्यालय**
- नर्बु लेप्चा (कक्षा सात)

**पश्चिमबाट : रेशी सरकारी माध्यमिक विद्यालय**
- राजेन्द्र प्रधान (कक्षा नवौं)
- सुश्री काजल भगत (कक्षा नवौं)
- श्री घनश्याम प्रधान (शिक्षक)

**ईएनभीआईएस अधिकारी**
- श्री राजेन प्रधान,
  **वरिष्ठ कार्यक्रम अधिकारी**










# जिम्मेवारीको अधिकार पत्र

## *हाम्रो धरतीको ख्याल राखौं*

*"यदि हामी पर्यावरणीय परिवर्तनदेखि बाच्न चाहन्छौं भने हामीले कार्यहरू र जिम्मेवारीको आफै निर्वाहन गर्न पर्छ। यदि अहिले नै गरिएन भने कहिले गर्ने? यदि हामीले नै गरेनौं भने कस्ले गर्ने?"*

**ब्राजिलमा आयोजित अन्तरराष्ट्रिय सम्मेलन २०१०-मा विद्यार्थी प्रतिनिधिहरू**

### जिम्मेवारी र कार्यहरू

१. जल, ऊर्जा, जीवविज्ञान सम्बन्धी र धातु संसाधनहरूबारे जागरूकता बडाउन र उनीहरूको सही प्रयोगका निम्ति मानिसहरूलाई बताउन साथै हाम्रो र अन्य सबैको उपभोगक्ता व्यवहारमा सुधार ल्याउन।

२. पानीमा हुने प्रदूषणलाई कम गर्नका निम्ति सरकार, उद्योगहरू, किसानहरू र अन्यको सहयोग कार्य लिने।

३. मानिसहरूलाई ग्रीन हाउस ग्यास उत्र्सजन कम गर्नका निम्ति बताउने र प्रोत्साहित गर्ने। यो कार्य सहजै प्राप्त गर्ने नवीकरण संसाधनको उपलब्धतामाथि केन्द्रित गरेर गर्नुपर्नेछ। यसको निम्ति आवश्यक परेको खण्डमा सरकारबाट सहयोग लिएर यी सबैलाई व्यवहारमा उतार्नु पर्ने।

४. दीर्घमियादी, जागरूक, सामाजिक र पर्यावरणीय रूपमा कृषिलाई कम असर गर्ने प्रणाली प्रयोग गर्दै किटनाशक आदिको प्रयोगलाई कम गर्ने। ग्रामीण भेकमा यसको शिक्षा प्रसार गर्दै नयाँ तथा सहीरूपमा संसाधनहरूको प्रयोगलाई सुनिश्चित गर्दै खाद्य सुरक्षा र केही देशहरूमा कृषि क्षेत्रको तयारीका क्रममा हुने आगलागीलाई रोक्ने।

५. पर्यावरणको हेरचाह गर्दै शैक्षणिक परियोजनाहरूलाई बलियो बनाउने र धेरैभन्दा धेरै युवाहरूलाई उनीहरूमा निर्णय क्षमतालाई प्रोत्साहन प्रदान गर्ने। पर्यावरणीय शिक्षाबारे उनीहरूलाई जानकारी दिँदै स्कूलहरूमा यसलाई धेरैभन्दा धेरै रूपमा समावेश गर्ने।

६. स्कूलमा र गाउँहरूमा जैवविज्ञान सम्बन्धी समूहहरूको थालनी गरेर जैवविविधतालाई सुरक्षा, संरक्षण प्रदान गर्ने।

७. सही उपभोगलाई प्रोत्साहन गर्नका निम्ति पुर्नप्रयोग, पुर्नसंसाधन, प्रतिबिम्बित गर्नु, अस्वीकार गर्नु, कम गर्नु आदि पाँच नीतिलाई अवलम्बन गरिनु। यो कार्य सूचनात्मक विज्ञापनद्वारा र आफ्नो दैनिक जीवनमा समावेश गरेर दीर्घमियादी समाज र जीवन शैलीको निर्माण गर्नु।

८. असरकारक ऊर्जा आदिको प्रयोगलाई कम गर्नु र जागरूक बनेर यातायात आदिमा परिवर्तनलाई सम्मान गर्दै समाजलाई जैवविज्ञानबारे सङ्गठित गर्नु।

९. पर्यावरणीय समस्याको सठीक समाधानलाई सुनिश्चित गर्दै मूल्यहरूलाई लागू गर्नु साथै एक सक्रिय नागरिकलाई प्रोत्साहन प्रदान गर्नु।

"

**हामीले काम अहिले नै शुरु गर्नुपर्छ र यो हाम्रो घर, स्कूलबाट नै शुरु हुनुपर्छ किनभने आफ्नो ख्याल राख्नसकेमा हामी सम्पूर्ण मानवताको ख्याल राख्न सक्छौ र मानव जाति आफ्नो कार्यबारे सचेत रहेको प्रमाणित गर्न सक्छौं।**

"



**Sign the Charter at**
**http://www.letstakecareoftheplanet.net**



पर्यावरण रक्षाका निम्ति बढ्दो कदम



आन्ध्र प्रदेशलाई सिक्किमको स्मारिका



नोडल अधिकारी र शिक्षकहरूबीच अन्तरक्रिया



सर्वसाधरणलाई सन्देश दिँदै



**इण्डियन युथ क्लाइमेटका सदस्यहरूसित**

# राष्ट्रिय पर्यावरण जागरूकता अभियान २०१०










विश्वमा अहिले धेरै यस्ता संस्थाहरू छन् जसले सही कार्यका निम्ति संघर्ष गरिरहेछन् र पर्यावरणीय सचेतनाको सन्देश फिजाउने काम गरिरहेछन्। हाम्रा पुर्वजहरू झैं हाम्रो पनि भविष्य जीवन्त बनोस् भन्ने उद्देश्यसहित सबै यसमा लागिपरेका हुन्। आजको मौसम बडेको पर्यावरणीय जागरूकताको परिणाम भए पनि एउटा साधारण मान्छेका निम्ति यो अझै पनि अनभिज्ञताको विषय हुन सक्छ र उसले कस्तो प्रकारले पर्यावरणलाई सहयोग पुऱ्याउन सक्छ त्यो उसलाई बताउन हामीले सक्नु पर्छ।

यसमा सक्रिय रहेका संस्थाहरूलाई पर्यावरण र वन मन्त्रालय भारत सरकारले वर्ष १९८६-८७ देखि नै राष्ट्रिय पर्यावरण जागरूकता अभियान (एनईएसी) मार्फत आर्थिक सहयोग पुऱ्याउँदै आएको छ। एनईएसीको वर्ष २००९-१० -को कार्यक्रमको मूल विषय-वस्तु मौसम परिवर्तन रहेको थियो। यसमा राज्यका लगभग ३९ वटा संस्थाहरूले सक्रिय रूपमा सहभागिता जनाउँदै मानिसहरूलाई पर्यावरण संरक्षण, सम्वर्धन साथै प्राकृतिक संसाधनको रक्षा गर्ने दिशामा आह्वान गर्दै आइरहेछन्। यी संस्थाहरूले व्यक्तिगत रूपमा अथवा अन्य कुनै संस्थाहरूसित साझेदारी गर्दै विभिन्न जागरूकता कार्यक्रमको आयोजना गर्दै आएका छन्।

क्षेत्रीय स्रोत निकायका रूपमा वन, पर्यावरण र वन्य प्राणी प्रबन्धन विभाग सिक्किम सरकारले वर्ष २०१० -का निम्ति यो अभियानलाई सफलतापूर्वक कार्यन्वयन गरिसकेको छ।

यो अभियानको शुरुवात वन सम्मेलन कक्षमा एक सचेतना कार्यशालासितै २१ मई, २०१० -मा शुरु भयो। यसमा विभिन्न वरिष्ठ अधिकारीहरू र गैर सरकारी संस्थाले भाग लिएका थिए जसमा जलवायु परिवर्तनलाई कम गर्नका निम्ति सर्वसाधरणको सहभागितामाथि विशेष जोर दिएको थियो।







सहभागी संस्थाहरूको सूची र एनईएसी २००९-१०-का निम्ति आवण्टित रकम (रुपियाँमा)

| | गैर सरकारी संस्थाहरू-सरकारी संस्थान र ठेगाना | आवण्टित रकम |
|---|---|---|
| | **पूर्व जिल्लाबाट** | |
| १. | लोसिङ नव ज्योति युवा सङ्गठन, लोसिङ-माछोङ | १०००० |
| २. | मातृ कल्याण समिति, रिनाक | १०००० |
| ३. | सोसियल वेलफियर युथ एसोसिएशन, तुमिन | ११००० |
| ४. | फ्रेण्डस् एसोसिएशन, गान्तोक | १०००० |
| ५. | शिव ग्राम सेवा समिति, गान्तोक | १०००० |
| ६. | ईश्वरम्भा समिति सङ्घ, रानीपुल | ६००० |
| ७. | हिमाली सङ्घ, दलपचन्द | ६००० |
| ८. | युथ डेभ्लोपमेन्ट सोसाइटी, रङ्गली | ६००० |
| ९. | नव ज्योति सङ्घ नामराङ, तुमिन | १०००० |
| १०. | लोवर तादोङ एकता सङ्घ, गान्तोक | १०००० |
| ११. | रामगौरी संग्राहलय सङ्घ, रिनाक | ६००० |
| १२. | द ग्रीन पोइन्ट, लोवर तुमिन | ११००० |
| १३. | हेल्पिङ ह्याण्ड अर्गनाइजेशन, गान्तोक | ६००० |
| १४. | सिक्किम हिमालयन ग्रीन ग्रुप, नाम्चेबुङ | १०००० |
| १५. | सिक्किम युनिभर्सिटी, तादोङ | १०००० |
| १६. | जनकल्याण नेहरू युवा समिति, फदमचे | ६००० |
| १७. | राङ्का प्रोग्रेसिव सोसाइटी, पर्बिङ | १०००० |
| १८. | स्टार लाइट एकादमी, राङ्का | १०००० |
| १९. | पाल्जर नामग्याल कन्या उच्चतर माध्यमिक विद्यालय, गान्तोक | ८००० |
| २०. | मार्ताम माध्यमिक स्कूल, मार्ताम | ८००० |
| २१. | ल्याण्ड युज एण्ड इनभ्यारोमेन्ट सर्कल, सिक्किम सरकार | ४०००० |
| | **पश्चिम जिल्ला** | |
| २२. | हिमाली विकास संस्थान, मिडल बर्मेक | १०००० |
| २३. | रोजमेरी क्लब, रिञ्चेनपोङ | ८००० |
| २४. | सिनाङ्राबुङ कञ्चनजङ्घा इको फ्रेण्डली सोसाइटी, नामबु | ११००० |
| २५. | विद्या भारती मुन्यू, सोमबारे | ८००० |
| २६. | हाम्रो परिवार, लुङचोक | ६००० |
| २७. | हेल्थ एण्ड इभ्यारोमेन्ट कन्जरभेसन सोसाइटी, बर्थाङ | ६००० |
| २८. | रेशी माध्यमिक विद्यालय, रेशी | १०००० |
| २९. | हिङदाम निम्न माध्यमिक विद्यालय | ८००० |
| ३०. | सरकारी माध्यमिक विद्यालय, पिपले | ८००० |
| | **दक्षिण जिल्ला** | |
| ३१. | कपिनजल क्लब, पोलोट, ताकसाम-पोलोक | ६००० |
| ३२. | पेसिफिक क्लब, मेङ्ली | ६००० |
| ३३. | वसन्त परिवार, सदाम | ६००० |
| ३४. | दृष्टि, नाम्ची | ८००० |
| ३५. | तुरूक डेभलोपमेन्ट सोसाइटी, तुरूक | १०००० |
| ३६. | अप्पर गाउँ सूर्य ज्योति सङ्घ, सोरक | ६००० |
| ३७. | मुनाल क्लब किताम | ६००० |
| | **उत्तर जिल्ला** | |
| ३८. | इन्डेभर्स अर्गनाइजेसन, कबी | ११००० |
| ३९. | मुताञ्ची लोङ अल सेजुङ, जङ्गु | ११००० |








बिरूवा रोपण



चित्र विमोचन



सांस्कृतिक कार्यक्रम



पुरस्कार अनि सम्मान



पर्यावरण प्रहसन



**५ जून, २०१० :** हाम्रो वरिपरिको संसार अबिरल छ र यहाँ निरन्तर परिवर्तन भइरहन्छ। पर्यावरण पनि यस्तै छ। पर्यावरणमा ह्रासप्रति चिन्तित रहने मानिसहरूले यस समस्यालाई कम गर्ने उपायहरू खोजी रहेका छन्।

स्थानीय स्तरदेखिनै जागरूकता फैलाउनका निम्ति विश्व पर्यावरण दिवस, पृथ्वी दिवस आदिले मानिसहरूलाई ठूलो सङ्ख्यामा सचेतना बनाउने गर्दछन्। विश्व पर्यावरण दिवस सिक्किमका सबै स्थानहरूमा मनाइन्छ, गाउँमा र स्कूलहरूमा यसको ठूलो महत्व छ। विगत केही वर्ष यता यो कार्यक्रम एउटा परम्पराको रूपमा राज्यमा विकसित भइसकेको छ।

यस वर्षको विश्व पर्यावरण दिवसको मूल्य विषयवस्तु प्रकृतिलाई जैवविविधतासित जोड्ने रहेको थियो र यो राज्य स्तरीय रूपमा दामथाङ माध्यमिक विद्यालय परिसरमा मनाइयो। कार्यक्रमको आयोजना राज्यको वन, पर्यावरण तथा वन्य जीवन प्रबन्धन विभागले गरेको थियो।

राज्यका ग्रामीण प्रबन्धन विकास मन्त्री श्री सी. बी. कार्की कार्यक्रममा मुख्य अतिथिका रूपमा उपस्थित थिए भने वहाँसित राज्यका वनमन्त्री श्री भीमप्रसाद ढुङ्गेल, विधायकगण, जिल्ला अध्यक्ष एवं वन विभागका अधिकारीहरू उपस्थित थिए।

ठूलो उत्साहका साथ पालन गरिएको उक्त बिरुवा रोपण कार्यक्रमलाई विभागीय अधिकारीहरू, स्थानीय जनता, विद्यार्थीगण, गैर सरकारी संस्थाहरू, स्वयं सहायता समूह आदिले सफल बनाएका थिए।

## राज्य हरित अभियान पाँचौं चरणमा



सिक्किमलाई एक मोडल हरित राज्यको रूपमा विकसित गर्ने मुख्यमन्त्री श्री पवन चामलिङको योजनाअन्तर्गत शुरु भएको राज्य हरित अभियान अहिले आएर एक वार्षिक अनुष्ठानकारूपमा प्रत्येक वर्ष जून १५ -मा पालन गरिँदैछ।

पर्यावरण मैत्री विकासमाथि जोर दिँदै यस मिशनले राज्यको वन क्षेत्र र रुख-पात क्षेत्रलाई वर्ष २००५ -को मूल्याङ्कन पछि २ प्रतिशतको वृद्धि दर्ता गर्दै ४७.५६ प्रतिशत पुऱ्याएको छ।

वर्ष २००६-०७ -मा शुरु गरिएको राज्य हरित अभियान वर्ष २०१०-११ -मा आफ्नो कार्यन्वयनको पाँचौं चरणमा पुगेको छ। ८० प्रतिशतभन्दा अधिक बिरुवाहरू बचाएर यस अभियानको मुख्य लक्ष्यलाई सफल बनाइएको छ।

**राज्य हरित अभियानअन्तर्गत रोपिएका कूल बिरुवाहरू (लाखमा)**

| जिल्ला | चरण १ २००६-२००७ | चरण २ २००७-२००८ | चरण ३ २००८-२००९ | चरण ४ २००९-१० | कूल |
|---|---|---|---|---|---|
| पूर्व | २.६६ | २.७४ | १.५५ | १.५३ | ८.४ |
| दक्षिण | १.१६ | २.१५ | ०.८२ | ०.२३ | ४.३ |
| पश्चिम | १.५८ | ३.४३ | १.७८ | १.१२ | ७.६ |
| उत्तर | ०.३३ | ३.४६ | २.४७ | ०.७५ | ७.० |
| | ५.७६ | ११.७८ | ६.६२ | ३.६३ | २७ |

**स्त्रोत : टेरीटोरियल डिभिजन, वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभाग**

# अन्तरराष्ट्रिय जैवविविधता वर्ष २०१०



६ जून, २०१०, बिहान लगभग ८ बजे डब्लुडब्लुएफ-इण्डियाको कञ्चनजङ्घा ल्याण्डस्केप कार्यक्रम दलद्वारा देखिएको र फोटो खिचिएको विश्वमै विलुप्त प्रायः बन्दै गएको कालो घाँटी भएको सारस ग्रुस निग्रीकोलिस। दलले उत्तर सिक्किमको गुरूदोङमार (१७२०० फीट) पोखरी भ्रमणका समय यो फोटो खिचेको हो।

यसमा क्यानोन एस३१एस क्यामरा प्रयोग गरिएको छ। यो सम्भवतः उत्तर जिल्लामा यस पक्षीको प्रथमपल्ट लिइएको तस्वीर हो।

**कालो घाँटी भएको ग्रस निग्रीकोलिस सारस**
फोटो : डब्लुडब्लुएफ-इण्डिया कञ्चनजङ्घा ल्याण्डसकेप प्रोग्राम देउराली, गान्तोक-७३७१०२, सिक्किम

वर्ष २०१०-लाई जैवविविधताको अन्तरराष्ट्रिय वर्षका रूपमा संयुक्त राष्ट्रको महासभाले आफ्नो ६१औं सत्रमा वर्ष २००६ -मा घोषित गरिसकेको छ।

एक वर्ष लामो जैवविज्ञान विविधता र पृथ्वीमा जीवनको महत्वलाई ध्यानमा राख्दै सिक्किम राज्य जैवविविधता बोर्डले विभिन्न पदक्षेपहरू चाल्दै सूचनाको विस्तार र जैवविविधतालाई संरक्षण र बढावा दिन साथै यसप्रति विभिन्न संस्थाहरू, सङ्घहरू, कम्पनीहरू र व्यक्तिगत रूपमा पनि मानिसहरूले वैश्विक रूपमा जीवविज्ञानमा भइरहेको ठूलो क्षतिलाई कम गर्नका निम्ति काम गरिरहेछ।


"BELLY-FOOTED ANIMAL DIVERSITY OF SIKKIM"

SPECIES OF THE DAY:

जैवविविधता अनुसन्धान, विस्तार तथा शिक्षा प्रकोष्ठ, वन, पर्यावरण एवं वन्य प्राणी प्रबन्धन विभाग, सिक्किम सरकारले स्थानीय मिडियामा प्रत्येक दिन कुनै एक जीवबारे वर्णनलाई प्रकाशित गर्न शुरु गरेको छ जो सम्भवत जनजागरणका निम्ति राष्ट्रमा नै प्रथम पल्ट शुरु गरिएको हो।

## सिक्किम जैवविविधता : एक नजर

भारतलाई विश्वकै १२ वृहत विविध केन्द्रहरू मध्ये एक भनेर चिन्हित गरिएको छ। विश्वका १८ वटा जैवविविधताका शीर्ष स्थानहरूमा भारतमा दुइ स्थान रहेको छन्। पश्चिमी घाँट क्षेत्र र पूर्वको हिमालय क्षेत्र। यसमा सिक्किम राज्यले देशको कूल भौगोलिक क्षेत्रको ०.२ प्रतिशत मात्र रहे पनि राज्यमा जैवविविधताको भण्डार छ र यो पूर्वीय हिमालय क्षेत्रको एक प्रमुख क्षेत्रका रूपमा चिन्हित भएको छ।

| | | |
|---|---|---|
| फूल जैन्य वनस्पति | - | ५०० |
| गुराँस | - | ३६ |
| सुनखरी | - | ५५० |
| शंकु वृक्ष | - | १६ |
| उनिऊँ | - | ३६२ |
| रुखमा पाइने उनिऊँ | - | ६ |
| बाँसहरू | - | २८ |
| ओक | - | ११ |
| औषधीय उद्भिद | - | ४२४ |
| स्तनधारी जीव | - | १४४ |
| चराहरू | - | ५५२ |
| सरीसृप | - | ३३ |
| जलचर-थलचर | - | १६ |
| माछा | - | ४८ |
| पुंतली | - | ६५० |



# अन्तरराष्ट्रिय गुराँस उत्सव २०१०

अप्रेल २५-मई १५, २०१०



वर्ष २०१० लाई अन्तरराष्ट्रिय जैवविविधताका रूपमा वर्षका रूपमा निर्धारित गरिएको छ भने यसै वर्षलाई पर्यटन वर्षका रूपमा पनि घोषित गरिएको छ। राज्य सरकारले अन्य धेरै गतिविधिहरूसितै २५ अप्रेलदेखि मई १५, २०१० -सम्म अन्तरराष्ट्रिय गुराँस उत्सव पालन गर्ने निधो गऱ्यो।

तीन हप्ता लामो गुराँस उत्सव सिङ्बा गुराँस अभयारण्य, उत्तर सिक्किमको ४३ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको युमथाङ उपत्यकामा आयोजना गरियो। भारतीय हिमाली क्षेत्रमा प्रथमपल्ट आयोजित यस वनस्पतीय क्षेत्रको दर्शीनिय विविधतालाई पर्यटन र संरक्षण दुवै दृष्टिकोणबाट हेर्न सकिन्छ। यस उत्सवले गुराँसलाई प्रसन्नचित्त लाचुङवासीहरू र गुराँसबीचको अटुट तालमेलका रूपमा हेर्न सकिन्छ भने क्षेत्रवासीको सङ्गीत, गीत एवं नृत्य, पाक शैलीलाई वरिपरि फैलिएको गुराँस क्षेत्रसित आनन्द लिन सकिन्छ।

उत्सवमा अन्य गतिविधिहरू जस्तै प्राकृतिक शिविर, पक्षी अवलोकन, वन्य जीव अवलोकन, माउण्टेन बाइकिङ, ट्रेकिङ, एङ्गलिङ, खाद्य उत्सव र स्थानीय संस्कृति र हस्तकलाको प्रदर्शनी प्रमुख रहेको थियो।













वर्ष दिन लामो समारोहको अंशका रूपमा 'गुराँस : संरक्षण र दीर्घमियादी प्रयोगमाथि अन्तरराष्ट्रिय सम्मेलन सरमसा उद्यानमा २६ अप्रेल, २०१० -मा आयोजित गरियो जसमा १३० भन्दा अधिक वन प्रबन्धक, जर्मनी, निदरल्याण्ड, बेलजियम, भोटाङ र भारतका वैज्ञानिक र विशेषज्ञहरूले एकै मञ्चमा आसिन रहेर गुराँसको संरक्षण र यसको दीर्घमियादी प्रयोगलाई सुनिश्चित गर्न भारतीय परिप्रेक्षमा विशेष गरेर सिक्किमको गुराँसबारे आवश्यक कार्य योजनाबारे विस्तृत छलफल गरे।





उद्घाटन सत्रमा मुख्य अतिथि रहेका राज्यका मुख्यमन्त्री डा. पवन चामलिङले दुई प्रकाशन र जमीनी निर्देशिकाको पनि विमोचन गरे।

- डा. कनद दासद्वारा लिखित मसरूम्स् अफ् सिक्किम - १ : बर्षे गुराँस अभयारण्य,
- डा. बीएस खोलियाद्वारा लिखित फर्न्स एण्ड फर्न - एलाइज अफ् सिक्किम, आईएसबीएनः (९७८-८१-९०६६८०-१-०) बिमोचन गरियो।



# वन्य प्राणी सप्ताह समारोह
# अक्टोबर १-७, २०१०

वन, पर्यावरण र वन्य जीवन प्रबन्धन विभाग सिक्किम सरकारले डब्लुडब्लुएफ सिक्किमसितको तत्वाधानमा स्कूल र कलेजका विद्यार्थीहरूका निम्ति र भर्खरै नियुक्त गरिएका वन रक्षकहरूका निम्ति प्रशिक्षण र जागरूकता कार्यक्रम वन्य जीवन सप्ताहको अवसरमा आयोजित गऱ्यो।




हिमालयन जियोलोजिकल पार्क (एचजेडपी) गान्तोकमा आयोजित जनचेतना कार्यक्रम





तामिलनाडुको कोयम्बतूरबाट आएका प्रशिक्षणार्थी रेञ्ज अधिकारीहरूलाई सम्बोधन गर्दै एचजेडपी अतिरिक्त निर्देशक (देब्रे पट्टि) एचजेडपीमा वन्य जन्तुहरूको अवलोकन गर्दै प्रशिक्षणार्थीहरू



हाजिरी जवाब प्रतियोगिता



चित्रकला प्रतियोगिता



पुरस्कार वितरण



वन्य जीवन जागरूकता साथै भर्खरै नियुक्त भएका वन रक्षकहरूको गोलीटार, फाम्बोङलो वन्य प्राणी अभरायन्यमा प्रशिक्षण

# संरक्षण दिवस

**२५ नोभेम्बर, २०१०**



२५ नोभेम्बर, २०१० -मा वन, पर्यावरण र वन्य जीवन प्रबन्धन विभागले पर्यावरणको संरक्षण र यसको आवश्यकता र जनचेतनालाई मूल्य उद्देश्य बनाएर संरक्षण दिवस लाग्याप प्राथमिक पाठशाला परिसरमा श्री पदमबहादुर मंगरको अध्यक्षतामा पालन गऱ्यो।

कार्यक्रममा वरिष्ठ वन अधिकारीहरूले मानिसहरूलाई वन संरक्षणमा सहयोग पुऱ्याउने आह्वान गर्दै वैश्विक रूपमा भइरहेको जलवायु परिवर्तनको असर सिक्किममा पनि विगत १५ वर्षदेखि देखिन थालेको र हिमाली क्षेत्रमा हिमपातको अनुपातमा उग्ररूपमा कमी आउँदै गएको बताए।

कार्यक्रमको मुख्य उद्देश्य स्थानीय मानिसहरू र विद्यार्थीहरूलाई वन्य जीवन संरक्षण प्रति प्रोत्साहित प्रदान गर्नु थियो भने सामुदायिक रूपमा यसमा सबैको सहभागिताको आवश्यकतामाथि पनि जोर दिएको थियो।

फोहोर मैलामा कमी ल्याउने, प्लाष्टिकको प्रयोगलाई प्रोत्साहन नगर्न, अवैध ढङ्गमा रुख-पात काट्न बन्द गर्न र आफ्नो वरिपरि स्वास्थ्य पर्यावरण कायम राख्नु पर्ने कुरामा अधिकारीहरूले विशेष जोर दिएका थिए।

कार्यक्रममा स्थानीय मानिसहरू, विद्यार्थीहरू, छाङ्गु पोखरी संरक्षण समितिका सदस्यहरू र विभागीय अधिकारीहरूको उपस्थिति रहेको थियो।





# रेड पाण्डाको संरक्षित प्रजनन

## हिमालयन जुलोजिकल पार्क बुलबुले, गान्तोक



**गट लेप्चा, आईएफएस**
अतिरिक्त निर्देशक,
हिमालयन जुलोजिकल पार्क ,
बुलबुले

***वर्ष २०१० -मा फेरि तीनवटा छावाको जन्म...***

स्थानीय लेप्चा भाषामा 'सनकम' भोटियामा 'ओकदोङ्ग' र नेपाली भाषामा 'रातो हाब्रे र निगाले पोन्या' नामले चिनिने सिक्किमको राज्य पशु रेड पाण्डाको वैज्ञानिक नाम आइलुरस फलजेन्स् - फलजेन्स् हो। यो पशुलाई स्पेसिस अथोरिटी, फ्रेडरिक क्युभरले आफ्नो पहिलो वर्णनमा वर्ष १८२५ -मा उक्त वैज्ञानिक नाम दिएका थिए जसको अर्थ हुन्छ चमकदार भुत्ला भएको अथवा चम्किलो बिरालो। वैज्ञानिकहरूद्वारा गरिएको अनुवांशिक अध्ययनका आधारमा बिरालो-भालु परिवारको एकमात्र प्रतिनिधि रेड पाण्डा हो जो बिराट मुस्तेलोडिया परिवारसित सम्बन्ध राख्दछ। पाण्डाहरू देशका उच्च क्षेत्रका जुलोजिकल पार्क र विदेशी चिडियाखानाहरूमा सर्वाधिक प्रसिद्ध जन्तुका रूपमा प्रचलित छन्।

हिमालयन जुलोजिकल पार्क बुलबुलेमा कतिपय सुविधाहरूको अभाव हुँदाहुँदै पनि रेड पाण्डाको बन्दी प्रजनन सफलतापूर्वक भएको छ। होल्याण्डको रोटरड्याम चिडियाखानाबाट ल्याइएकी पोथी पाण्डा प्रीति र दार्जीलिङ चिडियाघरबाट ल्याइएको जुगल हिमालयन जुलोजिकल पार्कमा वर्ष १९९७ -मा पदार्पण गर्ने पहिलो पाण्डा जोडी हुन्।

यस जोडीले वर्ष १९९९ -मा दुइवटा भाले छावालाई जन्म दियो भने वर्ष २००० -मा फेरि एक जोडी बच्चा जन्मायो। वर्ष २००१ -मा दुइवटा पोथी र फेरि वर्ष २००२ -मा दुइवटा भाले पाण्डाको जन्म यस जोडीबाट भयो। केही छावाहरू माता-पिताद्वारा हेरचाहमा कमीका कारण मर्न पुगे भने कतिपय हुर्कीसकेपछि चिडियाखानाको घेरादेखि बाहिर उम्के। मार्च २००३ -मा जुलोजिकल पार्कले ८ वर्ष, ६ महिना २७ दिन उमेर पुगेको प्रीतिको मृत्युलाई सहनु पर्‍यो। छोटो बिमारीपछि प्रीतिको मृत्यु भएपछि चियाखानामा प्रजनन चक्र एक वर्षको निम्ति ठप्प हुन पुग्यो। वर्ष २००५ -मा राम र लक्ष्मी दुई पाण्डालाई जङ्गलबाट उद्धार गरियो। यस जोडीलाई फेरि प्रजनन संस्थापकको रूपमा



अन्य भाले-पोथीसित जोडी बनाइयो। राम र लक्ष्मीले वर्ष २००७ -मा पोथी छावा रिकसेललाई र एउटा भाले पाण्डा साइमनलाई वर्ष २००८ -मा जन्म दिए।

वर्ष २००९ -मा दुइ पोथी पाण्डाको फेरि जन्म भयो। राम र लक्ष्मीले पोथी छावा निधी र राम र रिकसेलले भाले छावा सोनामलाई जन्माए। वर्ष २०१०-मा फेरि तीनवटा छावाको जन्म भयो जसमा पोथी छावा कर्मालाई राम र लक्ष्मीले र दुइ भाले छावा सुसन र सेन सेनलाई राम र रिकसेलले जन्म दिए। वर्ष २०११ -मा अझ धेरै छावाको जन्म हुने आशा राखिएको छ। जुलोजिकल पार्कमा हालमा ११ वटा पाण्डा रहेका छन्। अझ योजनाबद्ध तरिकाले संरक्षित प्रजनन कार्यक्रमको रूपरेखा तयार गरिँदैछ। हिमालयन जुलोजिकल पार्क योजनाबद्ध समन्वयन संरक्षण प्रजनन कार्यक्रमअन्तर्गत हिमालयन थार, बुलसीप अथवा भारल र ब्लड पिजेन्टको प्रजननको निम्ति अनुकूल क्षेत्र रहेकोले गर्दा अझ वृहतरूपमा विस्तृत योजना निर्माण गर्ने काम भइरहेछ।

# भारतमा प्राकृतिक वन क्षेत्रको दीर्घमियादी प्रबन्धनको संस्थागत मानदण्ड र सुचक ढाँचा



- प्रदीप कुमार, आईएफएस

वन, पर्यावरण एवं वन्य जीवन प्रबन्धन विभाग सिक्किम सरकार र भारतीय वन प्रबन्धन संथान (आईएफएम) भोपालद्वारा भारतमा प्राकृतिक वन क्षेत्रको दीर्घमियादी प्रबन्धनको संस्थागत मानदण्ड र सुचक ढाँचा विषयमा वन सम्मेलन कक्ष गान्तोकमा २७ देखि २८ सितम्बर, २०१० -सम्म दुइ दिवसीय कार्यशालाको आयोजना गरियो।

आफ्नो उद्घाटनीय सम्बोधनमा छत्तीसगढका पूर्व पीसीसीएफ र राष्ट्रिय वन्य जीवन विशेषज्ञ डा. आरसी शर्माले सङ्केतक र मानदण्डको शुरुवात माथि विशेष प्रकाश पारे जसलाई भोपाल-इण्डिया प्रक्रिया पनि भनिन्छ। उनले मानदण्ड र सङ्केतक ढाँचाद्वारा वन सम्पदाको दीर्घमियादी प्रबन्धनमाथि विशेष चर्चा गरे। सिक्किम वन विभागद्वारा यस क्षेत्रमा गरिएको कार्यको सराहना गर्दै सिक्किम देशमै पहिलो दीर्घमियादी वन प्रबन्धन सेलको शुरुवात गर्ने राज्यका रूपमा रहेको बताए।

वन विभागका सचिव एसटी लाचुङ्पाले आफ्नो सम्बोधनमा विभागद्वारा दीर्घमियादी वन प्रबन्धनमाथि गरिरहेको विभिन्न कार्यक्रमको सारांश प्रस्तुत गरे। कार्यशालामा प्रतिभागीहरूलाई दीर्घमियादी वन प्रबन्धन, मानदण्ड र सङ्केतक ढाँचाअन्तर्गत प्राकृतिक वन प्रबन्धन, वन संसाधनको नयाँ प्रणाली, तथ्याङ्कन सङ्कलन, दीर्घमियादी प्रक्रिया कोष्टकको मूल्याङ्कन, वन प्रबन्धन नियन्त्रण प्रक्रिया (एफओआरएमएसीएस) र महकुमा स्तरमा मानदण्ड र सङ्केतक ढाँचालाई वन प्रबन्धनका निम्ति संस्थागत गरिनेबारे बताइयो। मानदण्ड र सङ्केतक ढाँचालाई दीर्घमियादी वन प्रबन्धन (एसएफ एम) -का निम्ति आई आई एफ एम भोपालद्वारा विभिन्न राज्यका वन विभागहरूसितको संयुक्त तत्वावधानमा विकसित गरिएको हो। यसमा सिक्किम पनि सामेल छ। यस अन्तर्गत वन संसाधनहरूको दीर्घमियादी प्रक्रिया तिनीहरूको सही प्रयोग र विकासमाथि पनि विशेष ध्यान दिइन्छ। यी क्षेत्रहरूद्वारा एस एफ एम लक्ष्यलाई प्राप्तिका निम्ति सही दिशा प्रदान गरिन्छ।

कार्यशालाको समन्वयन श्री प्रदीप कुमार, आई एफ एस, वन संरक्षक र आई आई एफ एम भोपालका सकांयका शिक्षक डा. ओम प्रकाश मादगुनीले गरेका थिए। कार्यशालामा आई आई एफ एमका शिक्षक, आई एफ एस, श्री प्रशान्त जादव र वन संरक्षकहरू, महकुमा वन अधिकारीहरू, रेञ्ज अधिकारी र खण्ड वन अधिकारीहरूको उपस्थित रहेका थिए।

---

* वन संरक्षक (कार्य योजना)

# सिक्किममा वनस्पति कार्बन पुल निर्धारण

वन, पर्यावरण र वन्य जीवन प्रबन्धन विभाग सिक्किम सरकार वनस्पतिक कार्बन पुल निर्धारणमा राष्ट्रिय कार्बन पुल निर्धारण परियोजना अन्तर्गत समावेश रहेको छ। यो परियोजना इसरोको भूमण्डल, जीवमण्डल कार्यक्रमअन्तर्गत पर्दछ।

बायुमण्डलमा रहेको कार्बनलाई वन्य क्षेत्रलाई वृहत बनाउँदै कम गरेर लाने र कृषिगत रूपमा रहेको बायोमासलाई प्रकाश संश्लेषणमार्फत कमी ल्याउने प्रयास गरिएको छ। वैश्विकरूपमै वन क्षेत्रमाथि सृष्टि भइरहेको चापका कारण वनहरू निर्मूल बन्दै गइरहेछन् साथै यसले प्रकाश संश्लेषणलाई पनि कम गर्दै लगिरहेछ।

प्रयोगमाथि निर्भर रहँदै जीव मण्डलले कार्बन स्रोतलाई सुकाउने कार्य गर्नसक्छ। प्रणालीगत अध्ययनद्वारा र व्यवहारिक कार्यपद्धतिद्वारा निरन्तररूपमा बढ्दो कार्बन प्रतिशतलाई कम गर्न सकिन्छ। यद्यपि, मानवद्वारा वन क्षेत्रमाथिको बड्दो अतिक्रमण र वन विनाशले यसलाई अझ जटिल बनाएको छ।

वन क्षेत्रको मूल्याङ्कन र वनस्पतिको घनत्वको सही मात्रालाई अध्ययन गरेर विभिन्न क्षेत्रमा अध्ययनका निम्ति सुविधाहरू प्रदान गर्नुपर्ने आवश्यकता रहेको छ। विभिन्न वनस्पतिक पर्याप्रणाली जस्तै वन क्षेत्र, कृषि आदिमा यो परियोजनालाई निर्धारण गरिएको छ।

यस परियोजनाले रिमोट सेन्सिङ आधारित प्रणाली विज्ञानलाई राष्ट्रियरूपमै कार्बन उपलब्धताको निर्धारण गर्दछ। यो



चित्र : क्षेत्र मापन

परियोजना केन्द्रिय र राज्य सरकारका विभिन्न विभागहरू जसमा इसरो केन्द्रहरू, राज्य वन विभाग आदिको संयुक्त प्रयासमा गरिँदैछ।

देशका विभिन्न भागमा प्रणाली विज्ञानलाई विकसित गरिएको छ भने मानव संसाधनलाई पनि तथ्याङ्क संकल्नका निम्ति प्रशिक्षण दिदैछ। जमीनी तथ्याङ्क देश भरिका लगभग २००० हजार क्षेत्रबाट संकल्न भइरहेछ। यस प्रोजेक्टले विभिन्न रिमोटसेन्सिङमा आधारित श्रेणीगत तक्निकीलाई विन्दु आधारित क्षेत्रहरूमा परिणत गर्नेछ।

परियोजनाको जानकारी र परिणाम वैश्विक तापमान र मौसम परिवर्तन आदिको क्षेत्रमा नीति निर्माणमा सहयोगी बन्ने छ।

सिक्किम वन क्षेत्रमा रहेको कूल कार्बनलाई निर्धारण गर्नका निम्ति पूर्व, पश्चिम र दक्षिण सिक्किममा नमूना भूखण्डहरू स्थापित गरिएका छन्। वृक्षहरूको नमूना, जडीबुट्टी, पोथ्रा-पोथ्रीलाई कार्यशालामा ल्याएर परिक्षण गर्ने भइरहेछ।

---

स्रोत कार्य योजना वृत, वन, पर्यावरण तथा वन्यप्राणी प्रबन्धन विभाग।

# फोहोररहित पथ निर्माणप्रति एक प्रयास



(योक्सम-जोङ्ग्री) पश्चिम सिक्किम



"लगभग एक वर्षको स्थलगत कार्यपछि आज आएर यसले धेरै भ्रमणकारीहरूलाई आफू तर्फ आकर्षित गरिरहेछ, कतिपयले सही कार्य गरेको बताएका छन्..."

**चित्र : पश्चिम सिक्किम योक्समको फोहोर प्रबन्धन केन्द्र**

**निमा टाशी भोटिया, किञ्जोङ शेराप भोटिया, केसीसी-योक्सम**
**उर्मिला सुब्बा, खण्ड अधिकारी, केएनपी-योक्सम**

योक्सम-जोङ्ग्रीलाई राज्यको प्रथम फोहोररहित पथ बनाउन प्रथम प्रयाससहित कञ्चनजङ्घा संरक्षण समिति (केसीसी), माउण्टेन इन्स्टिच्युट-भारत र कञ्चनजङ्घा राष्ट्रिय उद्यान खण्डलाई वन, पर्यावरण र वन्य प्राणी प्रबन्धन विभागले एक साथ नोभेम्बर, २००६ -मा एक अभियानको शुरुवात गरे। यसको शुरुवात पहिलोपल्ट सरोकारवालाहरूको बैठक र त्यसपछि कार्यक्रमको औपचारिक उद्घाटन सत्रपछि मार्च, २०१० -मा वन मन्त्री श्री भीम ढुङ्गेल र क्षेत्र विधायक योक्सम-टाशीडिङ साथै पर्यटन सचिवको उपस्थितिमा सम्पन्न भयो। स्थलगत कार्यको लगभग एक वर्षपछि यसले धेरै भ्रमणकारीहरूलाई आफूतर्फ आकर्षित गर्न सफल बनेको छ। कतिपयले असल कार्य गरेको बताएका छन् भने कतिपयले अमूल्य सुझावहरू दिएका छन् र कतिपयले यसलाई आफ्नो कार्य क्षेत्र भित्र नपर्ने समेत बताएका छन्। यसमा आश्चर्य जनक तथ्य के अघि आएको छ भने यस कार्यक्रमपछि क्षेत्रमा जागरूकता बढेको छ। यसले अवश्य पनि मानिसहरूलाई ६ वटा कुडादानीको प्रयोग र यिनीहरूलाई अरूदेखि अलग राख्नका निम्ति २१ वटा कोठा समेत प्रयोग गरेको देखेर सोंच बाध्य गराउँछ।



*चित्र : योक्सममा फोहोरलाई अलग ढङ्गमा राख्नका निम्ति स्थापित कुडादानीहरू*

वर्षको पहिलो दुइ ट्रेकिङ मौसममा दुइजना फोहोररहित पर्यवेक्षकहरूले गरेको प्रयास सराहणीय रहेको छ। केसीसी र टीएमआई-इण्डियाद्वारा निम्नतम वेतनमा नियुक्ति गरिएका श्री दलबहादुर सुब्बा र छोडेन लेप्चाले सम्पूर्ण फोहोररहित कार्यको प्रबन्धन गरेका छन्। उनीहरूले केएनपीका कर्माचारीहरूसित मिलेर राष्ट्रिय उद्यानमा फोहोरलाई निरन्तर रूपमा रेखदेख गरिरहेका छन्। नियमित रूपमा कुडादानीहरूबाट फोहोर संकल्न गरिन्छ र त्यसलाई संसाधन पूर्ति केन्द्रमा स्थान्तरण गर्ने गरिन्छ।

यो सत्य हो कि फोहोर जब सही स्थानमा राखिन्छ तब त्यो फोहोर रहँदैन। धेरै मित्रहरू जो हाम्रो केन्द्रको भ्रमणमा आउँछन् उनीहरूले भन्नेगर्छन्, 'तिमीहरू फोहोर प्रबन्धन केन्द्रको स्थानमा कुनै सपिङ कम्प्लेक्स शुरु गर।' फोहोरलाई फोहोरका रूपमा नहेरेर संसाधनको रूपमा हेरिएमा र कुनै एक कुडादानीमा अन्यसित मिश्रण नगरी सही स्थानमा राखिएमा यसको सही प्रबन्धन गर्न सकिन्छ।

संख्याले पनि धेरै कुरा बताउँछ। स्थानन्तरण, रेखदेख अरूदेखि अलग राख्ने र पुनः प्रयोग गर्ने बाहेक हामीले यहाँ नियमित रूपमा उत्पन्न भएको सबै प्रकारको फोहोरको आँकडा राखिरहेका छौं। संख्यालाई हेर्नु हो भने यो धेरै चाखलाग्दो रहेको छ। निम्न चित्रले अप्रेल-मई २०१० -बीचमा उत्पन्न गरिएको विभिन्न फोहोरको मात्रालाई दर्शाउँछ।

यहाँ फोहोरलाई सुरक्षित ढङ्गमा १० महिनाभन्दा अधिक समयका निम्ति जम्मा गरिन्छ र एक ट्रकभरि बनेपछि पुर्णप्रयोग केन्द्रमा स्थानन्तरण गरिन्छ। मार्चकमा फोहोरलाई अलग राखेर प्रयोग गर्ने साथै फोहोर प्रणाली केन्द्र सञ्चालन गर्ने राज्य स्तरीय ऱ्याकपिकर व्यवसायी श्रीमान् अलामसित एउटा सम्झौतालाई पनि अन्तिम रूप दिने कार्य भएको छ।ज-जसले हाम्रो फोहोररहित केन्द्र भ्रमण गरेका छन् उनीहरूले त्यहाँ एक आश्चर्यजनक अनुभव गरेका छन् र कञ्चनजङ्घा राष्ट्रिय उद्यानलाई एक फोहोरबिहिन गन्तव्य बनाउने दिशामा सहयोग गर्ने बताएका छन्।

हामी यूएनडीपी, जीईएफ, एसजीपी र सीईई जस्ता सहयोगीहरूलाई वित्तीय सहयोगका निम्ति हार्दिक धन्यवाद दिन चाहन्छौं। माउटेण्ट इन्स्टिच्युट अफ् इण्डियाको म्याकअर्थर परियोजना, कञ्चनजङ्घा राष्ट्रिय पार्क उद्यान डिभिजन (एफईडब्लुएमडी) र पर्यटन विभागलाई फोहोरबिहिन स्थलका रूपमा विकसित गर्नलाई पुऱ्याएको सहयोगका निम्ति धन्यवाद दिन चाहन्छौं।






हामी भविष्यमा पनि यस्तै सहयोग र समर्थन सबै सरोकारवालाहरू, ट्राभल एजेण्ट र ट्रेकिङ सेवा उपलब्ध गराउने व्यवसायीहरूबाट आशा राख्दछौं।

फोहोरबिहिन सहयोग समूह (जेडडब्लुएसजी) कुनै पनि सहयोग र दिशानिर्देशनलाई स्वागत जनाउँदछ।

कृपया हाम्रो संसाधन पुनःप्राप्ति केन्द्रमा आउनु होला।

हाम्रो हिमालयले तपाईंलाई परिवर्तन गरोस्, तिनलाई हामी परिवर्तन नगरौं।

हामीलाई यसमा सम्पर्क गर्नुहोस्।
kcc_sikkim@hotmail.com
ntbhutia@gmail.com
+९१-९७३३१-५८२९८
+९१-९७३३०-९१८५३

# ताक्छाम छु जल उच्चभूमि, पूर्व सिक्किम



**सन्तोष शर्मा एवं बरूण जोशी**

हिमाली क्षेत्र विभिन्न प्रकारका प्राकृतिक आपदातर्फ झुकाउ भएको हुन्छ। मौसमीय गुण र अन्तरनिहित प्रकृतिका कारण प्रत्येक वर्षायाममा यहाँ पानीद्वारा आपदा उत्पन्न गरिनु साधारण कुरा हो र पैह्रो, बादल फुट्नु, हिम पोखरी फुट्नेजस्ता घटनाहरू र अकस्मातको भेलले भारतीय हिमाली क्षेत्रमा भइरहन्छ। यसमा अकस्मातको भेल एकदमै साधारण बन्न पुगेको छ जसद्वारा मानव, जीव-जन्तुको नोक्सानी, प्राकृतिक संसाधनलाई रित्याउनु, पैह्रोको प्रकोप, यातायातमा असुविधा र पूर्वाधार आदिलाई ठूलो क्षति हुनेगर्छ। हिंसक झरीपछि भेलको प्रकोप हुनु बर्खायाममा साधारण कुरा हो। अत्याधिक जल र मौसमीय समस्याले गर्दा यस्ता घटना घट्ने गर्छन् जसद्वारा लेदो बग्नु, पैह्रो जानु र खोला-नालाको प्रवाह बाधित हुन्छन् र यसले आफ्नो बहाउको क्रममा ठूलो क्षति पुऱ्याउँछ। यस्ता भेल पैह्रोले क्षेत्रको अर्थ व्यवस्थामा ठूलो असर पार्छ भने स्थानीय मानिसहरूको सुरक्षामाथि पनि प्रश्न चिन्ह खडा गर्दछ। प्रस्तुत लेखले ४ अगस्त, २००६ -मा ताक्छाम छु उच्च जलक्षेत्रमा भएको अकस्मात भेलको विवरण प्रस्तुत गर्दछ।

ताक्छाम छु आसाम लिङ्जे खोलाको एउटा सहयोगी खोला हो जो बेगसित रानीपुल तर्फ झरेर रानी खोलासित मिल्न पुग्दछ। यसपछि टिस्टा नदीसँग सिङतामममा मिलेपछि यो मैदानी भागतिर बग्दछ। ताक्छाम छु उच्च जलक्षेत्र पूर्व जिल्लाको दक्षिण-पूर्वी क्षेत्रमा पर्दछ र यो २७०१५' देखि २७०२०' उत्तर र ८८०३७' ३०" देखि ८८०४२' ३०" पूर्वतर्फ ३५.४२ वर्ग किलोमिटरको क्षेत्रलाई समेटेर बग्दछ र यो राज्यको कूल भौगोलिक क्षेत्रको ०.४६ प्रतिशत हो। यो उच्च जलक्षेत्र तीनवटा रेभिन्यू ब्लकहरू नैताम, आसाम र लिङ्जेद्वारा घेरिएको छ। यसको उचाईं ६३२ मिटरदेखि ३१७२ मिटरसम्म रहेको छ। यो राजधानी गान्तोकदेखि २७ किलोमिटर टाडामा अवस्थित छ।

४ अगस्त, २००६ -को रात्रि ८.३० बजे ताक्छाम छु वरिपरिका क्षेत्रलाई विधंशकारी भेलले क्षतिग्रस्त पाऱ्यो। यस घटनाले क्षेत्रवासीमा सन्त्रास र भयको स्थिति उत्पन्न गऱ्यो। भेलद्वारा पुगेको क्षतिलाई तालिकामा दर्शाइएको छ।

## तालिका
## ४ अगस्त, २००६ -मा ताक्छाम छु जलक्षेत्रमा भएको बिनासको विवरण

| | | |
|---|---|---|
| १. | प्रभावित बनेका कूल गाउँहरूको सङ्ख्या | १० |
| २. | कूल जनसङ्ख्या | ५८० |
| ३. | प्रभावित परिवार सङ्ख्या | ११६ |
| ४. | मानिस १. हताहत भएका | ०० |
| | २. घाइते | ०० |
| ५. | पशुधन १. हताहत | ६ वटा सुङ्गुरको खोर,३ वटा गाइ गोठ र २ बाखाको खोर |
| | २. घाइते | ०० |
| ६. | घरहरू १. ठूलो क्षति भएको | २६ |
| | २. सामान्य क्षति भएको | ०८ |
| ७. | गाउँले बाटो | ०० |
| ८. | कूल नोक्सानी | |
| | १ रुख-पात | रु. ५,७०००० (अनुमानित) |
| | २. अलैंची (१० ऐकर), अदुवा (१० ऐकर), सुन्तला बगान (१० ऐकर) र खेत | रु. ३ लाख ७५ हजार अलैंची र अदुवा खेती (अनुमानित) अनुमानित ४० हजार (धान-खेती) |
| ९. | पुलहरू | |
| | १. आरसीसी पुलको जगमा | ठूलो नोक्सानी |
| | २. झोलुङ्गे पुल | ०१ |
| | ३. मूढाको पुल (फड्के) | ०५ |
| १०. | पैह्रो गएको कूल स्थान | ०६ |



चित्रः (देब्रेपटि) ताक्छाम छु खोलाको किनारमा उखेलिएको उतीस र मलता (दाहिनेपटि) खोला गाउँमा भेलद्वारा क्षतिग्रस्त ठूलो अलैंची बगान

उक्त उग्र भेलले लाग्याप जलविद्युत परियोजनाको प्रवेश मार्गलाई पूर्णरूपमा बगाएर लग्यो र गोगुने चिसोपानीदेखि लिएर नाम्लीथाङ गाउँ (सौरेनी नजिक)-सम्म भुसुक र रानीपुल दुवै मार्गबाट गान्तोकदेखि पास्टेङ्गा गाउँसम्म यातायात ठप्प हुनपुग्यो।

उक्त भेलमा अन्य गाउँहरूको तुलनामा पास्टेङ्गा गाउँ नराम्ररी प्रभावित बन्न पुगेको थियो। अलकत्रे सडकलाई भेलले बगाएर लगेको थियो भने कतिपय सडकमा ठूला फाँकाहरू बनिएका थिए। खोलाको दुवैतर्फ रहेका उत्तीस र मलताको रुखलाई भेलले उखेलेको थियो र जल प्रवाहको भयंकर बेगले र खोलाको उग्रताका कारण ठू-ठूला चट्टानहरू सोहोरिएका थिए। खोलाको बेगले विभिन्न गाउँको अलैंची, सुन्तला, अदुवा र धानको खेतीलाई १४ माइलदेखि सेतीपुलसम्म क्षति पुराएको थियो साथै आसाम स्कूलको नामरूङ्ग गाउँ र नैताम स्कूललाई जोड्ने झोलुङ्गे पुललाई बगाएर लगेको थियो। यसको साथै खोला गाउँदेखि पालुङ्ग, ढाँडागाउँदेखि निम्थाङ्ग, पास्टेङ्गादेखि नैताम, नाम्लीथाङ्गदेखि निम्थाङ्ग र निम्थाङ्गदेखि नैताम पालुङ्ग गाउँलाई जोड्ने काठको पुल (फड्के) -लाई पूर्णरूपले विनाश गर्न साथै अन्य नोक्सानी पुऱ्याएको थियो। यसले १४ माइलको पक्की पुलको जगलाई समेत नोक्सानी पुऱ्याएको थियो।

खोला गाउँ, काब्राबोटे, गौचरण, सेतीपुल र पास्टेङ्गाका गाउँलेहरू यस पैह्रोद्वारा नराम्रो घतले प्रभावित बन्नपुगे जसमा कतिपयले गाई-वस्तु र गोठ आदि गुमाउनु परेको थियो। ताक्छाम छु खोलाको दुवैपट्टि बिस्तारै क्षति पुग्दै गयो। आउँदो वर्षको बर्खा याममा क्षेत्रमा फेरि पैह्रोको प्रकोप बढेर जाने गाउँलेहरूको तर्क रहेको छ। यदि यस्तो भएमा यो क्षेत्रका निवासीका निम्ति भयानक अवस्थाको सिर्जना हुनेछ र यसद्वारा क्षेत्रमा जैव विविधता र पशुधनको फेरि क्षति हुनेछ।

हिमाली भेकमा मूसलधारे झरीले जमीनलाई कच्चा बनाउँछ र क्षेत्रलाई कमजोर बनाउनमा ठूलो भूमिका निर्वाह गर्दछ। भलले ल्याएको लेदो खेती योग्य जमीनमा फैलिन पुग्यो र परिणामस्वरूप खडा फसललाई विनाश गर्नसाथै भलले आफ्नो अघि आएका रुखहरूलाई बगाएर लगेको थियो। सिक्किममा सामान्य वर्षा १२५० मिलिमिटरदेखि २५०० मिलिमिटर रहेको छ। यी कतिपय स्थानमा यो ५००० मिलिमिटरको हाराहारीमा समेत पुग्दछ।

माथिल्लो खोला क्षेत्रमा भएको बाँध पडकिनाले सम्भवतः उक्त भेल शुरु भएको थियो। जब कुनै पैह्रोले खोल्सा आदिलाई थुन्छ तब पैरेनी बाँध बन्दछ जसले पछिबाट बगेर आएको पानीलाई जम्मा गर्दछ र बाँधमा पानीको बेगको दबावलाई छेक्न नसक्दा र घण्टौसम्मको मूसलधारे तीव्र वर्षाले बाँध क्षेत्रको दबावमा अझ बढोत्तरी गर्दछ। बाँध फुटेर निस्किएको पानी तीव्रता र उग्रता लिएर उँधो बग्दछ। पूर्वमा भएको भेलको नोक्सानीको आँकडालाई हेर्नु हो भने ताक्छाम छु उच्च जलक्षेत्रमा भेल एउटा प्राकृतिक आपदाका रूपमा दोहोरि रहन्छ। यहाँ भएका धेरै खोल्साहरू जस्तै बाला खोला, ठाडो खोला, सेलेले खोला, बोथोङ्ग खोला आदिले पनि वर्षायाममा उग्र भेललाई थप बल प्रदान गर्दछन्।

अत्याधिक रूपमा हुने वर्षालाई वैश्विकरूपमा भइरहेको मौसम परिवर्तनको परिणामको रूपमा हेर्न सकिन्छ जसद्वारा भारतीय हिमाली क्षेत्रमा पैह्रो र भेलको घटना हुनपुग्छ। सरोकारवालाहरूका निम्ति यो एक गम्भीर विषय हो।

यस्तै भेल-पैह्रोका निम्ति तयारीका क्रममा मौसमबारे जागरूकता बढाउनु र अत्याधिक रूपमा वर्षा भएमा त्यसप्रति विशेषरूपमा ध्यान केन्द्रित गरिनुपर्छ। भारतीय हिमाली क्षेत्रमा गरिइएको वैज्ञानिक अध्ययनले अत्याधिक वर्षाका कारण हुने घटनाहरू बढिरहेको बताएको छ। यस्ता दुर्घटनामा वृद्धि हुनाले भविष्यमा जीवन र सम्पत्तिको क्षति निम्ताउनेछ। यसैले गहिरो अध्ययन र क्षतिलाई रोकथामलाई सुनिश्चित गर्ने उपायको यहाँ आवश्यकता देखिन्छ। यसमा स्थानीय जनतामाझ जागरूकता उत्पन्न गराउनु साथै सम्भावित अधिक वर्षा क्षेत्रमा मौसम सम्बन्धी स्टेशनलाई बढाएर भविष्यका निम्ति यस्ता घटनाको पूर्व सूचकका रूपमा विकसित गराएर स्थानीय वासिन्दालाई उनीहरूको जीवन र सम्पत्तिलाई रक्षा गर्ने सुनिश्चित गर्दछ।


**सन्तोष शर्मा एवं बरूण जोशी**
**वाटरसेड प्रक्रिया र प्रबन्धन**
**डीबी पन्त, हिमालयन पर्यावरण र विकास संस्थान**
**सिक्किम एकाई - ७३७१०१**




पूर्व सिक्किम ताक्छाम छुको उच्च जल क्षेत्रको अंश



पूर्व जिल्लाको ताक्छाम छुमा ४ अगस्त, २००६ -मा भएको भेलको दृश्य



विध्वंशकारी पैह्रोले पास्टेङ्गामा सडक बगाएर लगेको




१४ माइल उच्च जल क्षेत्रमा निर्माणाधीन पुलको क्षतिग्रस्त जग



नामरूङ्ग र पालुङ्ग गाउँलाई जोड्ने क्षतिग्रस्त झोलुङ्गे पुल

Japan International Cooperation Agency

# जाइकाद्वारा सिक्किमको जैवविविधता संरक्षण र वन प्रबन्धन परियोजनालाई सहयोग



वैश्विकरूपमा जैव विविधता संक्रमणको चरणबाट गुज्रिन्दै गएपनि जाइकाले लगातारूपमा आफ्नो ध्यान विश्वको वन्यजीव र वन सम्पदाबीच तालमेल स्थापना गर्नेमा केन्द्रित गरेको छ। जाइकाले आफ्नो मूल उद्देश्यअन्तर्गत विश्वका केही विकासशील देशहरूमा र निर्धन मानिसहरूलाई उनीहरूको जीवन शैलीमा सुधार ल्याउनका निम्ति प्रयास गरिरहेछ।

जापान सरकारले जापान अन्तरराष्ट्रिय सहकारिता एजेन्सी (जाइका) मार्फत सिक्किमलाई यहाँको जैवविविधता संरक्षण र वन प्रबन्धन परियोजना (एसबीएफपी) -लाई आर्थिक अनुदान दिइरहेछ जसलाई वर्ष २०१०-११ -का निम्ति सिक्किम सरकारको वन, पर्यावरण र वन्यप्राणी प्रबन्धन विभागले कार्यान्वयन गरिरहेछ।

## पार्श्व भाग र आवश्यकता

प्राकृतिक रूपले सम्पन्न र जैवविविधतामा अग्रणी राज्य सिक्किममा क्षेत्रफलको अनुपातमा वनस्पतिको संख्या अत्याधिक रहेको छ। देशको कूल भौगोलिक क्षेत्रको केवल ०.२ प्रतिशतमात्र रहेपनि सिक्किम देशमा पाइने वन्यप्राणी प्रजातिको एक चौथाई भाग पाइन्छ। सिक्किम पूर्वी हिमालयको फेदीमा अवस्थित रहेको छ र यो प्राकृतिकरूपमा अलग-अलग रहेको र अन्य देशहरूको सीमाले घेरिएको पनि छ। यहाँको वातावरणमा उद्योगहरूको विकास गर्न कठिन पर्दछ र यहाँको ग्रामीण जनसंख्याको ठूलो भाग गरीबीको जीवन बिताइरहेछ। परिणामस्वरूप, राज्यमा उपलब्ध पर्यापर्यटनलाई विकसित गर्दै भरपूररूपमा उपलब्ध प्राकृतिक वातावरण र अद्वितीय (बेजोड) संस्कृतिलाई पस्किएर मैदानी भागको गर्मीदेखि राहत प्रदान गर्ने ग्रीष्म पर्यटन गन्तव्य बनाउने दिशामा कार्य भइरहेछ। यद्यपि, राज्यमा आउने पर्यटकहरूको संख्यामा भएको तीव्र वृद्धिका कारण स्पष्टरूपमा यसले प्राकृतिक पर्यावरणमा प्रतिकूल असर पारिरहेछ।

यसैले, स्थानीय वासिन्दाहरूको जीविकोपार्जनमा सुधार ल्याउन र गरीब वर्गलाई आयश्रोत उपलब्ध गराउन साथै दीर्घमियादी सामाजिक, आर्थिक विकासलाई बढावा दिनु, प्राकृतिक पर्यावरणसितको सद्भावपूर्ण सम्बन्ध गाँस्नुपर्ने आज नितान्त आवश्यक बनेको छ। जस्तो प्रकारले होस, विश्वको जैव विविधता आज संकटमा छ। विश्व मानचित्रबाटै बिलुप्त बन्दै गइरहेको वनस्पतिक र प्राणीलाई बचाउनु पर्ने ठूलो आवश्यकता खडा भएको छ।

## उद्देश्य र सारांश

परियोजनाले जैवविविधता संरक्षण र वन प्रबन्धन क्षमताको गतिविधिलाई मजबूती प्रदान गर्ने साथै स्थानीय मानिसहरूको जीविकोपार्जनमा सुधार ल्याउने लक्ष्य राखेको छ जो वन संलग्न क्षेत्रमा बसोबासो गरिरहेछन् र पूर्णरूपमा वनमाथि आश्रित रहेका छन्। परियोजनाको उद्देश्य दीर्घमियादी जैवविविधता संरक्षण, बिरूवारोपण गराउनु र सामुदायिक विकासका निम्ति पर्या पर्यटन लगायतका अन्य आयश्रोतलाई बडाउने गतिविधिलाई बढावा दिनु रहेको छ।

सामाजिक, आर्थिक विकास र पर्यावरण संरक्षणप्रति योगदान दिएर आउने दशकसम्म बहुआयामिक उपायहरू अवलम्बन गरिनु पनि अर्को प्रमुख उद्देश्य रहेको छ। बाहिरी विशेषज्ञहरूसितको सहकारितासहित यसले राज्यको पर्यापर्यटन नीतिलाई सहयोग पुऱ्याउने छ। परियोजनामा रु. ३३०.५७ करोडको प्रावधान राखिएको छ र यो १० वर्षको समय अवधिका निम्ति रहनेछ।

# गुरू-दोङमार र छाङ्गु पोखरीको भ्रमण



गुरू-दोङमार पोखरी, उत्तर सिक्किम

- मोनालिसा दास,
डीएफओ (टेरिटोरियल),
उत्तर क्षेत्र

गुरू दोङमार पोखरी भारत-चीन सीमामा १७००० फीटको उँचाईमा अवस्थित छ। यो पोखरी शान्तरूपमा दुई शिखरबीच साँघुरो उपत्यकामा आरामले बसेको छ। हिउले ढाकिएको उत्तरतिरको पर्वतपछि श्रृंखलाबद्ध रूपमा अन्य धेरै शिखर रहेका छन्, हिउँले ढाकिएका यी शिखर हिमाली पर्वतमाला वृहत रूपमा फैलिएका छन्। एउटा सानो झरना पहाडको दक्षिणी क्षेत्रको बाँझो स्थानबाट निस्किएर पोखरी बन्न पुगेको छ। पर्वतबाट छर्लङ्ग रूपमा पानी बहेको देखिन्छ जसको छेउमा एउटा भारतीय सैन्य आउटपोस्ट रहेको छ। उच्च जलवायु क्षेत्र भएकोले यहाँ अक्सीजन घनत्व कम छ। चियो हवा दिन रात बग्दछ जसको शुरुवात मध्यान्हबाट हुन्छ र अर्को दिनको सूर्योदयसम्म कायम रहन्छ।

यस पोखरीको भ्रमणमा सबै मौसममा भ्रमणकारीहरू आउँछन्। यसलाई लाचेन बजारको दक्षिणी भागबाट हेर्न सकिन्छ जसमा घुमाउदार सडक र घुम्तीहरूबाट हुँदै नदीको बहाउसितै पातलो र लामो शंकुधारी वन अवलोकन गर्न सकिन्छ।

यहाँ तपाईंलाई छल-छल गर्दै एउटा शिखरदेखि अर्को शिखरतर्फ बग्ने नदीबीच बनिएको दुर्लभ इन्द्रेणी हेर्ने सुयोग प्राप्त हुन्छ। तपाईं अघि बढ्नुहोस्। नदी सानो जान्छ र कुनै यात्रामा नछुट्टिने सह-यात्री झैं प्रशन्नचित्त बनेर यो बग्दै जान्छ। त्यसपछि तपाईं एउटा हरियो र कैलो रङ्गको उपत्यकामा आइपुग्नु हुनेछ। नदीले तपाईंलाई नजिकबाट छोडेर जानेछ र एउटा सानो झरनाको रूप लिनेछ जसलाई केही टाडासम्म अवलोकन गर्न सकिनेछ। कार्पेटमा एउटा चाँदीको धर्का जस्तो वनस्पति र फूलको बहुरङ्गी भागहरूजस्तै यो देखिन्छ।

सिक्किमको स्थिर हिमाली पठार प्रसिद्ध कोङरा ला घाटी मार्फत तिब्बत र ल्हासाको प्रवेशद्वारा हो जसमा भात-चीनबीचको व्यापार एक समय खुबै फस्टाएको थियो। यो वृहत हिमालयको छायाँमा पर्दछ जहाँको औसत वनस्पति क्षेत्र २५ प्रतिशतभन्दा कम रहेको छ। जब तपाई यस क्षेत्रबाट गुज्रिनु हुन्छ तब यहाँको अद्वितीय मरूभूमि र प्राकृतिक सुन्दरताद्वारा मोहित बन्नुहुनेछ।

यहाँ कुनै प्रकारको रूख-पात देखिन्दैन। यो सुख्खा क्षेत्र १६००० फीटभन्दा अधिक उँचाईमा अवस्थित छ उद्भिद र जीवको अद्भूत संगम यहाँ हेर्न सकिनेछ।

गर्मी याममा केही मात्रामा झारपात, बुट्टा-बुट्टिहरू यहाँ देख्न पाइन्छ जबकि ठण्डा महिनामा यहाँ प्राणी जगत निस्क्रिय बन्नुपुग्छ। यहाँको भूदृश्य अत्यन्त रूखो र नमिलेको छ। कुनै प्रकारको वन्य प्राणी देख्न पाउनुभएमा तपाईं भाग्यमानी हुनुहुनेछ किनकी यसप्रकारको रूखो मौसम, बेमेल भूमि र



चित्रः मोनालिसा

चिसोपनामा जीव विचरण गरेको हेर्न पाउनु एउटा अद्धितीय दृश्य हुनेछ। यस क्षेत्रमा घरेलु पशुका रूपमा पालित भेडा र चौरी भने चरिरहेको तपाईंले अवश्य देख्नु हुनेछ।


छोलामु पोखरी, उत्तर सिक्किम

यस क्षेत्रमा केही जङ्गली फूलहू, जङ्गली जनावरहरू जस्तै - तिब्बती अर्गाली, चित्तल, ब्लूसीप, साउर्दन कियाङ्ग आदि चौरी र भेडा चराइरहेका गोठालाहरू, अन्तरराष्ट्रिय सीमालाई सुरक्षा दिइरहेका वीर सिपाहीहरू यहाँका वासिन्दा हुन्। यी स्थान स्वर्गझै प्रतीत भएपनि यहाँ बस्न र काम गर्न धेरै कठिन छ। यहाँ बस्नका निम्ति तपाईंसित उच्च उर्जाक्षमतावान खाना र धेरै लुगाहरूको आवश्यकता पर्दछ।

तपाईंको वाहन एकपल्ट घरघराएर रोकिन्छ र पुनः चल्न शुरु गर्छ। यसपश्चात मनमोहक पोखरीको किनारबाट चढाई शुरु गर्नुहुन्छ जहाँबाट खोलाको श्रोत शुरु भएको छ।

तपाईंको दाहिनेतर्फ असंख्यौं शिखहरू क्षितिजसम्म घामको रोशनीमा चम्किरहेका हुन्छन्। देब्रेतर्फ एउटा उच्च पर्वत जलको किनारबाट उठेको छ। शान्त र शुद्ध पोखरीले तपाईंको आँखालाई मोहित गर्छ। बादलले पोखरीमाथि जादुमय छटा छरेको हुन्छ। त्यो पोखरी अहिले धेरैवटा पोखरीमा विभक्त हुन्छ, प्रत्येकको आफ्नो रङ्ग देखिन्छ, बैगुने, नीलो, हरियो, कैलो र फुस्रो देखिन्छ।

स्थानीयहरूले किन यस पोखरीलाई यति श्रद्धासित जोगाएर राखेका छन् त्यसको कारण यहाँ स्पष्ट देखिन्छ। उनीहरूले पोखरीलाई पूजा गर्छन् र यहाँको शुद्ध, पवित्र जललाई शुद्धताको निम्ति प्रयोग गर्छन्।

यसको किनारमा तपाईंले एउटा सानो मन्दिर र विभिन्न रङ्गको आवरण पाउनु हुनेछ जो अघि बढ्दै जाउँदा अझ सुन्दर बन्दै जान्छ। यहाँ आउने श्रद्धालुहरूको घुइँचो र भित्र पस्नका निम्ति हुने ठूलो ठेलाठेल तपाईंले देख्नु हुनेछ। तपाईंले धर्मध्वज भित्र चिहाउनु हुनेछ र देख्नुहुनेछ देवताहरूको संगम जहाँ सबै धर्मानुरागीको आस्थाको प्रतिक पाउनु हुनेछ। हिन्दु, बौद्ध, सिख र अन्य सबै धर्मानुरागी यहाँ भेला हुन्छन् जहाँ सबै देवताले आफ्ना भक्तजनहरूलाई प्रसन्नचित्तले हेरिरहेको तपाईंले पाउनुहुनेछ।

जमेको पानीको छेउबाट बाहिर निस्केर अलिक तल गएर तपाईं पोखरीलाई हेर्नुहोस्। यो विभिन्न रङ्गहरूमा विभक्त भएको छ। तपाईंको हृदय खुशी र श्रद्धाले भरिनेछ र तपाईं पनि स्थानीयहरूले झैं यस पोखरीको चमत्कारी शक्तिलाई विश्वास गर्नु थाल्नु हुनेछ।

**छो ल्हामु (१६५०० फीट उचाईंमा)**

गुरू दोङमार पोखरीमा पूजा-अर्चना गरिसकेपछि तपाईं अन्तरराष्ट्रिय सीमाको उत्तरतर्फ जानु होस् डोङकिया ला जानुभन्दा अघि केराङ, पठार जानु होस् जहाँ तपाईंले समानन्तररूपमा बग्दै गएको पातलो र लामो पोखरी पाउनु हुनेछ। आफ्नो दाहिने तर्फको पर्वतहरू तर्फ बगिरहेको यस लामो पोखरी पूर्व र पश्चिम दिशातर्फ अग्रसर पाउनु हुनेछ। यो त्यहींपोखरी हो जहाँबाट लाचेन छु अथवा टिस्टा नदीको उदगम हुन्छ। तपाईंको दाहिनेतर्फको पहाडहरूमा पर क्षितिजसम्म घामको चमक देख्नुहुनेछ। शुद्ध र शान्त पोखरीले तपाईंलाई मोहित गर्नेछ। अझ निलो आकाश, बादल आदिको प्रतिछाँयाले पोखरीलाई झन सुन्दर बनाउँदछ। हरियो-नीलो रङ्गको पोखरीले त्यसै-त्यसै तपाईंलाई सम्मोहित बनाउनेछ। सिक्किमवासीले यसको पूजा गर्छन् र शुद्धताका निम्ति यहाँको पवित्र जल प्रयोग गर्छन्। यस पोखरी वरिपरि तिब्बती अर्गाली, तिब्बती चित्तल र साउर्दन कियाङ जस्ता जनावरहरू देखिरहन्छन्। अन्य सबै वन्यप्राणीभन्दा तिब्बती अर्गाली यहाँको सर्वाधिक प्रचलित जनावर हो। यस सानो क्षेत्रले तिब्बती अर्गाली र तिब्बती चित्तलको एउटा राम्रो जनसङ्ख्या लिएको छ। यस पोखरीको छेउबाट केराङ-पठारदेखि डोङकिया, लासम्म कच्चा सडक पनि रहेको छ। तपाईं आफ्नो वाहनदेखि उत्रेर १०० मिटरको दूरी हिडेपछि यहाँको जललाई स्पर्श गर्न र पूजा गर्न सक्नु हुनेछ।

यी पोखरीहरूको छेउबाट तपाईंले चिसो हावा बग्न शुरु हुन अघि हिम क्षेत्रका भगवानलाई यस स्थान छोड्न अघि पर्वतबाट तल आएर पोखरीमा गरेको स्नानलाई एकटक लगाएर हेर्न र मौन रूपमा हार्दिक शुभकामना व्यक्त गर्न सक्नुहुनेछ। दिव्य छन् गुरू दोङमार र छो ल्मू पोखरी।



### संरक्षण शुल्कदेखि लिएर रेखदेख र संरक्षणसम्म

# खेचिपेरी पोखरी

## पश्चिम सिक्किम

**१ दिसम्बर, २०१० देखि**



चित्र : राजेन प्रधान

आफ्नो प्रवेश टिकट प्रदर्शन गर्दै एक बाल पर्यटक

पश्चिम क्षेत्रीय खण्ड अन्तर्गत स्थापना भएको खेचिपेरी पोखरी संरक्षण समितिले यस पवित्र पोखरीको हेरचाह र संरक्षणका निम्ति एउटा प्रक्रियाको थालनी गरेको छ। समिति सरकारी अधिसूचना अन्तर्गत पञ्जीकृत भएको छ भने छाङ्गु पोखरी संरक्षण समिति पूर्व सिक्किम पश्चात आफ्नै प्रकारको यो दोस्रो समिति पनि हो।

पश्चिमका जिल्लापालको सहयोगमा पश्चिम क्षेत्रीय वन प्रखण्डसित मिलेर समितिले यहाँ आउने भ्रमणकारीहरूमाथि संरक्षण शुल्क लगाउने निधो गऱ्यो जसद्वारा पोखरीको संरक्षण र रखरखाउ सही प्रकारले गर्न सकियोस्।

स्थानीय ग्राम पञ्चायत रहेका समितिका सभापतिले भ्रमणकारीहरूबाट संकल्न गरिएको संरक्षण शुल्कलाई फोहोर प्रबन्धन, सञ्चालन र प्राकृतिक वातावरणमाथि हुने प्रतिकूल असरलाई कम गर्न प्रयोग गर्ने बताएका छन्।

१ दिसम्बर, २०१० -देखि समितिले प्रति पर्यटक रु. १० र पार्किङ शुल्कका रूपमा पनि रु. १० संकल्न शुरु गरेको छ। यो शुल्क स्थायी रूपमा समितिको ब्याङ्क खातामा जम्मा गरिनेछ र पोखरीको वार्षिक संरक्षण योजनामा प्रयोग गरिनेछ। त्यसलाई ग्राम सभाद्वारा समर्थन दिएको र जिल्लापाल र पश्चिम जिल्ला क्षेत्रीय वन प्रखण्डले अनुमोदित गरेको हुनुपर्छ।

समितिका सभापतिले पश्चिमका जिल्लापाल खण्ड वन अधिकारी (डीएफओ) र कञ्चनजङ्घा संरक्षण समिति, द माउटेण्ट इन्स्टिच्युट-इण्डिया तथा सिन्द्राबुङ कञ्चनजङ्घा इकोफ्रेण्डली सोसाइटीलाई यस कार्यको शुरुवातदेखि नै सहयोग पुऱ्याएकोमा साधुवाद प्रकट गरेका छन्।

हामी यस्तै प्रकारको सहयोग र सहकार्य सबै पर्यटन सकोकारवालाहरूबाट अपेक्षा गर्दछौं।

**४ दिसम्बक, २०१०**
सोनाम योङडा भोटिया
सभापति (केपीएसएस)
वार्ड पञ्चायत
छो-जो, खेचिपेरी
+९७३३०९८३९५

# दीर्घमियादी पर्यावरण कोष्ठक
# २ ० ० ६

**भारतका अन्य राज्यहरूमध्ये दीर्घमियादी पर्यटन कोष्ठक २००६-मा सिक्किम शीर्ष स्थानमा**

वित्तीय प्रबन्धन अनुसन्धान संस्थान (आईएफएमआर)-को वित्तीय विकास केन्द्र (सीडीएफ)-मा पर्यावरणमाथिको चाप कम गर्ने राज्यहरूद्वारा र आफ्नो पर्यावरणको रेखदेखमा वर्ष २००६ -मा अन्य भारतीय राज्यहरूमध्ये सिक्किम प्रथम बन्न पुग्यो।

वाई - एक्सिसको दाहिने तर्फका राज्यहरूले देब्रेतिरको भन्दा उल्टा कार्य गरिरहेछन्। दाहिनेतर्फका राज्यहरूमा पर्यावरणमाथिको चाप कम रहेको थाहा लाग्दछ। देब्रेतर्फ रहेका राज्य सूचीमा देखिएको लामो धर्काहरूले पर्यावरणमाथि अत्यआधिक दबाव दिएको बुझिन्छ। सबैलाई मानकीकृत गरिएको छ।

आफ्नो क्षेत्रमा रहेको पर्यावरण संरक्षण र प्राकृतिक संसाधनको सुरक्षाका निम्ति वर्ष २००८ -मा अन्य भारतीय राज्यहरूमध्ये सिक्किम प्रथम घोषित भएको थियो।

दीर्घमियादी पर्यावरण कोष्ठक (ईएसआई) भारतीय राज्यहरूबीचको पर्यावरण उपलब्धीहरू चुनौती र प्राथमिकताको तुलनात्मक विश्लेषण हो। यो नागरिकहरू र नीति निर्माताहरूलाई सचेत बनाउने, सूचित गर्ने र सबल बनाउनका निम्ति तयारी गरिएको हो।

ईएसआईले भारतको २८ राज्यहरूको पर्यावरणीय प्रदर्शनलाई दर्शाउँछ र यसले विविध आकारमा पर्यावरणलाई ४४ वटा परिवर्तनीय र १५ सूचकलाई आधार गरेर कोष्ठकका रूपमा जम्मा गरेको छ। यो दीर्घमियादी पर्यावरण कोष्ठकका रूपमा चिनिन्छ।

ईएसआईबारे अधिक जानकारी र कसरी राज्यहरूले दीर्घमियादी विभिन्न प्रक्रियालाई अघि बढाइरहेछन् त्यो निम्न वेबसाइटबाट जान्न सकिन्छ।

www.greenindiastandards.com

**पर्यावरणमाथिको दबावलाई कम गरिनु**




**आफ्नो पर्यावरणलाई कायम गर्नमा राज्यहरूको दायित्व**



# अल्प दीर्घमियादी रूटीनको परिमाणात्मक अनुमानका निम्ति नयाँ सुव्यवस्था

- डी के प्रधान


## सारांश

रूटिन विचारको नयाँ क्यालोरिमेट्रिक २ प्रतिशत एफईसीएल ३ -को प्रयोगसहित ५७५ एनएनको तरङ्ग विकसित गरिएको छ। विलायक द्रव्य, ब्यूटानोल : एसिटिक एसिड : जल (४:१:५)-को अनुपातमा र आईसोप्रोप्यानल : एमोनिया : जल (१०:१:१)-को अनुपातमा रूटिनलाई पृथकरूपमा राख्ने काम हुन्छ। ब्यूटानोलमा दुई डाईमेनशनल पेपर क्रोमोटोग्राफी चिन्हित देखिएका छन्। आरएफ ०.४५ र आरएफ ०.२२ ब्यूटानोलमा : एसिटिक एसिड : जल (४:१:५) र आइसोप्रोपानल : अमोनिया : जल (१०:१:१) अनुपातमा क्रमिकरूपमा राखिन्छ। रूटिनको प्रतिक्रिया मिश्रणमा मिथानल र एफईसीएल ३ मा गाढा सुन्तले रङ्ग विकसित हुन्छ। प्रतिक्रिया मिश्रणको दृष्टि घनत्व १५ मिनटपछि थाहा लाग्छ र यो रूटिन विचारको ५७५ मिलिमिटरमा प्राप्त हुन्छ।


## परिचय

फाइटोकेमिकल मूल्याङ्कनका निम्ति वनस्पति अनुसन्धानकर्ताहरूले सरल, सहज र तीव्र विश्लेषण गर्नुपर्ने आवश्यकता हुन्छ। विभिन्न प्राकृतिक उत्पादको गुणात्मक र परिणात्मक विचारको प्रयोगसहित अर्निर्णितलाई विभक्त गर्नसकिन्छ। रूटिन विचारलाई धेरैजना अनुसन्धानकर्ताले प्रकाशित गरिसकेका छन् जसमा छू, १९९८; सुचियाल १९८८ -मा ब्रोलिस, १९९८; कुरटिक, १९९८) प्रमुख छन् र यो प्रयासले रूटिनको तीव्र र सहज विचार निर्माण गर्नसक्छ।

मेटावोलाइट रूटिन सिक्किमका प्रमुख औषधीय वनस्पतिमा सक्रिय तत्व हो। यसै परिप्रेक्ष्यमा रूटिन विचारको नयाँ धारणाले औषधीय वनस्पतिको आर्थिक मूल्यलाई स्थलगत क्षेत्रमा र उत्पादन स्थलमै स्थापित गर्नसक्नेछ।

## सामग्री र पद्धति

व्यवस्थाको स्तरलाई कायम राख्नलाई रूटिन गौण रहेको नमूनाहरू रूटिन विचारका निम्ति संकलित गरियो। १ एमजी असली रूटिन, १ मिलिमिटर मियानल र १ मिलिलिटर (२ प्रतिशत) एफईसीएल, ($FeCl_3$) प्रयोगमा ल्याइन्छ। प्रतिक्रिया मिश्रण गाढा सुन्तले रङ्गको विकासका निम्ति कोठाको तापमानमा राखिन्छ। १५ मिनटपछि दृष्टि घनत्वलाई अधिकाधिक ५७५ एनएममा इस्पेक्ट्रो फोटो मिटरमा नाप्न सकिन्छ।

धूलो बनाइएको २० मिलीग्राम पातको नमूना मिथानलको ५० सीसीसित ३० मिनटसम्ममा फिटेर राखिएको थियो। पेपर क्रोमेटोग्राफीद्वारा विलयक द्रव्यको रूटिन शुद्धिकरण एसिटिक एसिड : जल (४:१:५) अथवा आइसोप्रोप्यानल : एमोनिया : जल (१०:१:१) रहनेछ। वाटम्यान पेपर ( ३ मिमि) -मा शुद्ध रूटिनको स्थान स्थापित गर्न दुई अलग लम्बाईका पेपर क्रोम्याटोग्राफी चिन्हित गरियो। ब्यूटानोलमा आरएफ ०.४५ लिएको भागमा ब्यूटानोल : एसिटिक एसिड : जल (४:१:५) वा आरएफ ०.२२ आइसोप्रोपेयलमा : एमोनिया : जल (१०:१:१) १० मिलिलिटर बनाउनका लागि तातो मिथानलमा मिसाएर परीक्षण गरिएको थियो। १० मिलिलिटरमा २ प्रतिशत एफईसीएल, ($FeCl_3$) गाढा सुन्तले रङ्ग प्राप्त गर्नका निम्ति मिश्रण गरिएको थियो।

१५ मिनटपछि दृष्टिगत घनत्व ५७५ एनएम स्तरीय वक्रबाट निर्धारण गरियो।

**परिणाम र छलफल**

औषधीय वनस्पतिबाट रूटिनको शीघ्र र सरल विचारका निम्ति प्रणाली विज्ञानको विकास गरियो। विभिन्न कार्यदलद्वारा दर्शाइएको यसअघिको प्रणालीमा स्पेक्ट्रोफोटोमिटर, क्यालोरीमिटर र अन्यलाई आधार बनाइएको थियो। यस प्रणालीको सहयोगले रूटिन विचारको निम्ति प्राप्त १० एमजी सुख्खा नमूना प्रशस्त पाइयो। यो प्रक्रिया आर्थिकरूपमा सहज र समय बचत गर्ने भेटियो। रूटिन विचारसित सम्बन्धित धेरै कामहरू दर्ता गरिएका छन्। बख (१९५४) -ले गुणनात्मक विचारका निम्ति प्रत्यक्षरूपमा कागजको सोस्ने क्षमतालाई प्रयोगमा ल्याएका थिए। यसैलाई ट्रोयरले वर्ष १९५६ -मा प्रयोगमा ल्याए। रूटिन र क्योरसेटिनलाई स्कामोटो र ताकामुराले एसएनसीएल२ २एच२ओ ($SnCl_2$ $2H_2O$) वर्ष १९७८ -मा विचारमा ल्याएका थिए। बालनडिरियाले वर्ष १९८० -मा क्रोमेटोसस्पेक्ट्रोमेट्रिक प्रणाली गुणनात्मक संकल्पसहित विकसित गरेका थिए। औषधीय वनस्पतिको संकल्पमा गुणनात्मक उपायहरूलाई सुनिश्चित गर्न आर्थिक र तक्निकी दुवैरूपले सहज बन्न सक्नेछ। रूटिनको गुणनात्मक विचारको निम्ति अन्य क्यालोरीमेट्रिक तरिका डाइटोडाइज सल्फेनिलिक एसिडको (ब्रेजचा, १९५८) प्रक्रियामा आधारित थियो।

०.१ एम एलुमिनियम क्लोराइट, १ एम पोटासियम एसिटेट र १ एनएचसीएन (1N HC1) को पनि प्रयोग प्रतिक्रिया मिश्रणसित रूटिन विचारलाई राखियो। पोलीहाइड्रोक्सीफलाबोन्सको गुणनात्मक विचारहरूका निम्ति उच्च प्रदर्शनीमूलक तरल क्रोम्याटोग्राफिक प्रणाली विगतका केही घटनाहरूमा थाहा लाग्यो। यो प्रणाली सुचिया (१९९८); छु, (१९९८) -द्वारा प्रदर्शन गरियो।

रूटिन हाइपेरिसिन, कोयरसेटिन आदि ढल्काइको मात्राको आधारमा फोसपरिक एसिड, एसिटोनाइट्राइल, मिथाइनल ५० मिनट (ब्रोलिस, १९९८) र इस्पेक्ट्रोफोटोमेट्रिकको रूटिन संकल्पलाई कुर्तिक ईटी एएल (१९९८)-ले खोजी निकालेका थिए।

यद्यपि, यो नयाँ विकसित विज्ञान अन्य पूर्ववर्ती रिपोर्टहरूको तुलनामा अझ सफल र विकसित र अधिक असरदार रहेको छ।

**स्वीकृति**

वन, पर्यावरण र वन्य जीव प्रबन्धन विभाग सिक्किम सरकार कार्यगत सुविधा र आर्थिक सहयोग पुऱ्याएको धन्यवादको पात्र बनेको छ। उच्च क्षेत्र अनुसन्धान केन्द्रका कार्यकारी परिषद्‌लाई नैतिक र असल सहयोगका निम्ति धन्यवाद व्यक्त गर्दछु।

**स्रोतहरू**

बख, एएन (१९५४), डोकलेडी अकड नाउक एसएसएसआर ९८: १०११-१०१२

बलान्द्रिया, आईए ग्रीनकेविच, एनआई र क्रिवुत, बीए (१९८०)। खिम फाम जेडएन १४ (१०); ६०-२

ब्रेजचा, भीः होरक, पी (१९५८)। नेचर १८१ः ५०५-६

ब्रोलिस, एम गबेता, बी फुजाटी, एन. पेस, आर पज्जेरी, एफ एण्ड पीटरलोङ्गो, एफ (१९९८)। जर्नल अफ् क्रोमेटोग्राफी ८२५(१):९-१६

छु, के टीन, केसी (१९९८) एनालिटिकल लेट्टर्स ३१ः१५

कुनटिक, भीएस मालेसेभ, डीएल रादोविक, जेडभी कोसानिक, एमएम मियोक, यूबी एण्ड भूकोजेभिक, भीबी (१९९८)।

जर्नल अफ् एग्रीकल्चरल एण्ड फुड केमेस्ट्रि४६ (१२)ः ५१३९-५१४२

साकामोटो, एम ताकामुरा, के (१९७८)। माइक्रोचेम जे २३ः३७४-३८३

सेठी, पीडी (१९९७)। एन क्वान्टिटेटिभ एनालाइसिस अफ् ड्रग्स फार्मास्युटिकल फर्मुलेसन्स, सीबीएस

पब्लिकेशन, नयाँ दिल्ली, पी ६०४

ट्रोयर, जेआर (१९५६)। प्लान्ट फिजियोल ३१ः ७१-४

सुचिया, एच (१९९८)। जर्नल अफ् क्रोमेटोग्राफी बी ७२० (१-२); २२५-२३०

**प्रमुख वैज्ञानिक, प्राकृतिक उत्पाद उच्च क्षेत्र अनुसन्धान केन्द्र,**
**वन विभाग पर्यावरण र वन्य जीवन प्रबन्धन**
**देउराली, गान्तोक सिक्किम ७३७१०२**
**संवाद लेखक**





# सिक्किममा जीवविज्ञान र सामाजिक-आर्थिक मूल्याङ्कनअन्तर्गत गाई चरण प्रतिबन्धमाथिको छोटो विवरण

- श्वेता भगवत एवं विवेक भेङ्कटरमानी

सिक्किमका वन क्षेत्रहरूमा गौ चरणमाथि लगाइएको प्रतिबन्धको असरलाई अध्ययन गर्नका निम्ति राज्यको वन, पर्यावरण तथा वन्यप्राणी प्रबन्धन विभागसितको संयुक्त तत्वावधानमा चेन्नईस्थित वित्त विकास केन्द्र (सीडीएफ)-ले एक अध्ययन सञ्चालन गरिरहेछ। यो अध्ययन पश्चिम जिल्लाको वर्षे गुराँस उद्यान (बीआरएस) र कञ्चनजङ्घा जीवमण्डल संरक्षित क्षेत्र (केबीआर) -मा चलिरहेछ। सिक्किम सरकारले संरक्षित वन क्षेत्रहरू, बिरुवा रोपण गरिएका स्थानहरूमा र जल श्रोत वरिपरि वर्ष १९९८ -मा प्रतिबन्ध लागू गरेको छ। उक्त प्रतिबन्ध चरणबद्ध रूपमा लागू गरिएको थियो भने अहिले यसअन्तर्गत राज्यका सबै संरक्षित वन क्षेत्रहरूलाई समेटिएको छ। यो अध्ययन गौ चरण प्रतिबन्ध र क्षेत्रको माटोमाथि र स्थानीय सरोकारवालाहरूको जीविकोपार्जन पक्ष माथि भएको असरको पुर्नावलोकन हो।

स्थानीय समुदायहरू (जस्तै गुरुङ, भोटिया, छेत्री र शेर्पाहरू आदि) -का निम्ति पशुधन पालन एउटा पारम्पारिक प्रक्रिया मात्र नभएर जीविकोपार्जनको एक प्रमुख अंग पनि हो। प्रतिबन्ध अघि गोठालाहरूलाई वन क्षेत्रमा पशुहरू चराउनका निम्ति पट्टा दिइएको थियो। पशुधन प्रबन्धन प्रणालीको एक अंशका रूपमा गोठालाहरूले आफू तथा परिवार अल्प समयका निम्ति बस्नलाई वन क्षेत्र भित्र गोठ निर्माण गर्ने गर्थे। यस क्षेत्रमा प्रत्येक गोठमा हरदर २० देखि २५ पशुहरू हुने गर्थे।

गोठ वरिपरिको वन जङ्गललाई खुल्ला चरण निर्माणका निम्ति फँडानी गरिन्थ्यो। गोठ वरिपरि भएका रुख-पातलाई पनि काठ, दाउरा र घाँसका निम्ति व्यापक रूपमा काटिन्थ्यो। विस्तारै मानव जनित क्रियाकलापको बढ्दो चापका कारण वन क्षेत्रहरूको बिनाश हुँदै गयो। फलस्वरूप : यस्तो बिनाशलाई अझ बढ्न नदिनका निम्ति प्रतिबन्ध लगाइएको हो।

प्रतिबन्ध लागू गरिएको लगभग ६ वर्षपछि उक्त प्रतिबन्धद्वारा वन क्षेत्रको अवस्थामा कस्तो असर पर्न गयो भन्ने अनुसन्धान एक चाखलाग्दो विषय हुन जान्छ। जीवप्रणालीमा विभिन्न वस्तुहरू एक अर्कासित अन्तर सम्बन्धित हुन्छन्। एउटा वस्तुमा आएको परिवर्तनले अर्को वस्तुमाथि पनि अवश्यै असर गर्दछ। एवं प्रकारले वन क्षेत्रको बिग्रन्दो अवस्थालाई गौर चरण माथिको प्रतिबन्ध पश्चात फेरि सुधारमा ल्याउन सकिने आशा राख्न सकिन्छ। तर प्रतिबन्धको अनुकूलतालाई कहाँ बाट थप मजबूती प्रदान गर्न सकिने हो त्यसको महत्वलाई पूर्णरूपमा बुझ्न पनि सक्नु पर्दछ। वन स्वास्थ्यमाथि भएको असरलाई आकंलनहरूले पनि बुझ्नमा सहयोग पुऱ्याउँछन्। यस्ता पर्यावरणीय आकंलनहरूमा एउटा जीवप्रणालीमा भएको जटिल अन्तर सम्बन्धलाई पनि ध्यानमा राख्नु पर्ने हुन्छ।

कुनै पनि वस्तुको प्रत्यक्ष असरको निर्धारण कठिन भए पनि परिवर्तन जटिल प्रणालीको घोतक हुनाले यसको उद्भवका निम्ति लामो समय लाग्न सक्छ। यसैकारण वर्तमान अध्ययनको उद्देश्य एउटा सम्भावित र विश्लेषणात्मक ढाँचालाई एउटा गुरू क्षेत्रका निम्ति विकसित गरिनु पर्ने हुन्छ। जसद्वारा सिक्किम राज्यमा गौ चरण प्रतिबन्धमाथि भएको असरको वृहत रूपमा अध्ययन गर्न पनि सकिनेछ।



चित्र : वर्षे गुराँस उद्यानमा माटोको नमूनाको जाँच

यो अध्ययन तीन प्रमुख अङ्गहरू : वनस्पति, भौतिक र सामाजिकमा विभाजित छ। वनस्पति र भौतिक अङ्गहरूमा जीवविज्ञान विश्लेषण रहेको हुन्छ जसद्वारा वनस्पति र प्रभावित क्षेत्रको माटोको विश्लेषण गरिएको हुन्छ। सामाजिक अङ्गहरूमा गौ चरण प्रतिबन्धको स्थानीय समुदायमाथि भएको प्रभावको सठीक अध्ययन र यसपछि उनीहरूद्वारा जीविकोपार्जनका निम्ति अप्नाइएको नयाँ पद्धतिलाई समावेश गरिएको हुन्छ।



चित्र : केबीआरमा वृत्त नमूना लिइँदै

सीडीएफको टोलीमा श्वेता भगवत (प्रमुख जाँचकर्ता), मानसी पाठक (अनुसन्धानकर्ता) र विवेक भेङ्कटरमाणी (अनुसन्धानकर्ता) रहेका छन्। गत दिसम्बर, २०१० -मा टोलीले दुवै अध्ययन क्षेत्रको वनस्पति र माटोको (बीआरएस र केबीआर)-मा ४५ दिनको स्थल कार्य र अध्ययनलाई समाप्त गरेको हो। क्षेत्रमा जमीन अंशलाई एफएसआई मानकअन्तर्गत चिन्ताजनक सीमा क्षेत्रमा स्थापित गरिएको थियो। यस क्षेत्रबाट माटोको विभिन्न नमूनालाई संकल्न गरेर अध्ययन र विश्लेषणका निम्ति डा. पञ्जाबारो देशमुख कृषि विद्यापीठ नागपुर पठाइयो।

यसको सामाजिक-अर्थनैतिक पक्षलाई आगामी मार्च-अप्रेल २०११ -मा गरिने सर्वेक्षणअन्तर्गत समावेश गरिने छ। यो अध्ययन जून, २०११ भित्रमा समाप्त हुनेछ र यसको फलाफलले भविष्यमा राज्यमा गौ चरण प्रतिबन्ध र सम्बन्धित विषयहरूमाथि गरिइने अध्ययनलाई आधार प्रदान गर्नेछ।

चित्रहरू : फुपू छिरिङ भोटिया, श्वेता भगवत, श्रीयम्षा बैरीगञ्जन, लाको छिरिङ भोटिया







चित्र : क्षेत्र मापन

---

वित्तीय विकास केन्द्र (सीडीएफ) चेन्नईस्थित वाणिज्यिक विद्यालय वित्तीय प्रबन्धन अनुसन्धान संस्थान (आईएफएमआर)-सित सम्बन्धित सातवटा विकास अनुकूलन सङ्गठनहरूमध्ये एक हो। यो एउटा गैर लाभकारी कार्य अनुसन्धान र सल्लाहकार प्रतिष्ठान हो जसले सरकारी प्रणालीमाथि सुधार र वित्तलाई दीर्घमियादी साथै प्रबल विकासका निम्ति बजारको क्षमतालाई सही दिशा प्रदान गर्दछ। दीर्घमियादी वित्त पर्यावरणीय रूपमा सीडीएफ भित्रको एक समूह हो जो अनुसन्धान र कार्यलाई प्रतिबद्धताका साथ पर्यावरणीय नीति निर्माण र क्रियान्वयन, एकात्मक पर्यावरणीय दीर्घमियादी प्रक्रियालाई विकास पदक्षेपहरू र भारतको अर्थतन्त्रलाई शीर्षसम्म पर्यावरणीय रूपमा अधिक दीर्घमियादी बनाउँदै प्राप्य व्यापारिक र गैर लाभकारी हस्तक्षेप गर्नेछ।




**पर्यावरणीय सूचना प्रणाली (ईएनभीआईएस)**

**सिक्किम राज्य केन्द्र**

पर्यावरण र यससित सम्बन्धित मुद्दाहरूमा
ईएनभीआईएस केन्द्र सिक्किम
वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभाग
सिक्किम सरकार

हामीलाई इमेल : sik@envis.nic.in -मा, सम्पर्क ०३५९२-२८०३८१-मा र ०३५९२-२८१७७८ -मा फ्याक्स गर्नु होस्।

कृपया स्वतन्त्र भएर तपाईं आफ्नो जिज्ञासा, अमूल्य सुझावहरू, टिप्पणी र विचारहरू पठाउनु होस्।

अधिक जानकारीका निम्ति हाम्रो वेबसाइट हेर्नुहोस्।

www.sikenvis.nic.in

**सिक्किम वन तथा पर्यावरण अभियान-२०१५**

भविष्यका निम्ति दूरदृष्टि




- सिक्किमको हरियालीपूर्ण ध्वजवाहक कार्यक्रममा अंशग्रहण
- वन्यप्राणी प्रबन्धन
- वन प्रबन्धन र जैवविविधता संरक्षण
- वन प्रबन्धन योजनाहरू
- वृक्ष स्याहार (सिल्वीकल्चर)
- प्रयोग
- उष्ण भूमिको विकास
- पर्यावरण एवं प्रदूषण नियन्त्रण पर्यावरणीय सूचना प्रणाली (ईएनभीआईएस)
- ज्ञानको सृष्टि र पर्यावरणीय शिक्षा

वेबसाइटमा उपलब्ध छ :
www.sikenvis.nic.in/mision2015.htm मा हेर्नुहोस्।



सिक्किममा ईएनभीआईएस केन्द्रको कार्यालय



ईएनभीआईएस पुस्तकालय

# पर्यावरण क्यालेण्डर

**२ फरवरी**



**विश्व उष्णस्थल दिवस :** यसै दिन वर्ष १६७१ -मा उष्णस्थलहरूको अन्तरराष्ट्रिय महत्वमाथि रामसार सम्मेलनमा हस्ताक्षर भयो। जैव विविधतामा उष्णस्थलहरू धेरै महत्वपूर्ण अङ्का रूपमा रहेकाले ती स्थानको सहीरूपमा संरक्षण गरिनुपर्ने धारणा व्यक्त गरियो।

**२८ फरवरी**



**राष्ट्रिय विज्ञान दिवस :** पर्यावरणको संरक्षणमा विज्ञानको भूमिकामाथि प्रकाश पार्नु आवश्यक छ। यस दिनलाई सन्देश प्रसारका निम्ति एउटा मञ्चका रूपमा लिन सकिन्छ।

**२१ मार्च**



**विश्व वनविज्ञान दिवस :** पिउने पानीको स्रोतहरू तीव्रताका साथ हराउँदै गएकोमा यस दिनलाई पालन गरिने निर्णय हालैमा लिइएको हो। विश्व यसबारेमा जागरूक हुनुपर्छ र पानीको स्रोतलाई संरक्षण गर्न शुरु गर्नु पर्नेछ।

**२२ मार्च**



**विश्व जल दिवस :** पेय जल श्रोतहरू द्रुतगतिमा कम हुँदै गएको वर्तमान अवस्थामा यस दिनलाई पालन गर्ने हालैमा निर्णय गरिएको हो। यस समस्यादेखि निदान पाउन सम्पूर्ण विश्वनै जागरूक हुनुपर्ने छ र यसको संरक्षणतर्फ लाग्नु पर्ने छ।

**२३ मार्च**



**विश्व मौसम विज्ञान दिवस :** सबैले मौसम हाम्रो पर्यावरणको अभिन्न अङ्ग हो भन्ने बुझ्नुपर्छ।

**७ अप्रेल**



**विश्व स्वास्थ्य दिवस :** विश्व स्वास्थ्य सङ्गठन (डब्लुएओ) यसै दिन वर्ष १६४८ -मा शुरु भएको थियो। हाम्रो वरिपरिको पर्यावरण परिवर्तनका कारण स्वास्थ्य एउटा महत्वपूर्ण विषय बन्दै गइरहेछ।

**१८ अप्रेल**



**विश्व धरोहर दिवस :** पर्यावरण भन्नाले प्राकृतिक सम्पादा मात्र नबुझेर मानव निर्मित धरोहरलाई पनि बुझ्नु पर्छ।

**२२ अप्रेल**




**पृथ्वी दिवस :** आधुनिकताका कारण पृथ्वीले झेल्नु परेको समस्याप्रति विश्वको ध्यानाकर्षिक गर्नका निम्ति वर्ष १६७० -मा संयुक्त राज्य अमेरिकामा मानिसहरूको एउटा समूह एकत्रित बनेको थियो। त्यसै दिनदेखि यसलाई विश्वभरिनै पृथ्वी दिवसको रूपमा पालन गरिन्छ।

**२२ मई**



**अन्तरराष्ट्रिय जैवविविधता दिवस :** जैवविविधताले सम्पूर्ण जीवलाई दीर्घमियादी बनाउनका निम्ति जीव विज्ञान वस्तु र सेवा उपलब्ध गर्दछ। विश्वमा रहेका लाखौं प्रजातिका वनस्पति, जनावर र सुक्ष्म जीवनहरू मध्ये लगभग १८००० प्रजाति मानवद्वारा पर्यावरणमाथिको हस्तक्षेपद्वारा वार्षिक रूपमा लोप हुँदै जाउँदैछन्।

**३१ मई**



**तम्बाकु निषेध दिवस :** सम्पूर्ण विश्वलाई नै तम्बाकुजन्य पदार्थको सेवनले तम्बाकु सेवन गर्ने साथै अन्यलाई हुने असरबारे जागरूक बनिसकेको छ। तपाईंले यस दिनलाई धुम्रपान निषेध अभियानका रूपमा आफ्नो परिवार र छरछिमेकमा प्रसार गर्न सक्नु हुनेछ।

**५ जून**



**विश्व पर्यावरण दिवस :** यसै दिन वर्ष १६७२ -मा मानव पर्यावरणमाथि स्टकहोम सम्मेलन स्वीडेनमा आयोजित भएको थियो। उक्त सम्मेलनमा विश्वभरिबाटै प्रतिनिधिहरू भेला भएका थिए र सबैले बढ्दो पर्यावरण समस्याबारे चिन्ता व्यक्त गरेका थिए।

**२५ जून**



**सिक्किममा पृथ्वीका निम्ति १० मिनट :** यस दिनलाई वार्षिक अनुष्ठानका रूपमा सिक्किमवासीले आफ्नो १० मिनट वृहत रूपमा बिरुवा रोपण गरेर धरती मातालाई समर्पण गर्दछन्।

**११ जुलाई**



**विश्व जनसंख्या दिवस :** जनसंख्यालाई विशेष गरी भारतमा अति तीव्रगतिमा बढिरहेको समस्याका करण विशेष ध्यानमा राख्नु पर्नेछ।

**१६ सितम्बर**



**विश्व ओजोन दिवस :** संयुक्त राष्ट्रले यस दिनलाई ओजोन तहको संरक्षणका निम्ति अन्तरराष्ट्रिय दिवसको रूपमा घोषणा गरेको छ। यसै दिन मोन्ट्रियल विधिमा पनि हस्ताक्षर भएको थियो।

**२८ सितम्बर**



**हरित उपभोक्ता दिवस :** आजको समयमा उपभोक्तावाद र पर्यावरणमाथि यसको असर एक महत्वपूर्ण विषय बनेको छ।

**३ अक्टोबर**



**विश्व वासस्थान दिवस :** पृथ्वी मानवमात्रको नभएर सम्पूर्ण जीवित प्राणीहरूको पनि वासस्थान हो। यहाँ बढ्दो मानव क्रियाकलापले अन्य जीवहरूमाथि सन्त्रासको स्थिति उत्पन्न गरिरहेछ।

**१-७ अक्टोबर**



**विश्व वन्य जीवन सप्ताह :** यस सप्ताहलाई हाम्रो वन्य जीवनको संरक्षणप्रति जागरूकता उत्पन्न गराउनका निम्ति पालन गर्नुपर्छ।

**४ अक्टोबर**



**विश्व प्राणी कल्याण दिवस :** प्राणीहरूको कल्याणलाई ध्यानमा राखेर महत्व दिनुपर्ने छ।

**१३ अक्टोबर**



**प्राकृतिक आपदामा कमी ल्याउन अन्तरराष्ट्रिय दिवस :** पर्यावरणमा परिवर्तनका कारण प्राकृतिक आपदाका घटनामा बढोत्तरी भइरहेछ। यस्ता आपदालाई कम गर्नका निम्ति प्रयास गरिनुपर्छ।

**१४ नोभेम्बर**



**भारतमा बाल दिवस :** नानीहरूले आफ्नो वरिपरिको पर्यावरणमा सुधार गरेर भोलिको दिनलाई उज्ज्वल बनाउनका निम्ति संयुक्त रूपमा काम गर्न सक्छन्।

**२ दिसम्बर**



**भोपाल त्रासदी दिवस :** यस दिनलाई यसप्रकारका दुखद घटना फेरि हुन नदिनका निम्ति प्रण गरौं।

**आउँ, हामी सबैले यी दिनहरूमा महत्वपूर्ण वचनबद्धताका साथ पुनः समर्पित रूपमा लागिपरौं।**